# सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** सूचना प्रविधिको विकास, प्रबर्द्धन र नियमन गर्न, विद्युतीय अभिलेख तथा हस्ताक्षरको मान्यता, सत्यता र विश्वसनीयतालाई नियमित गर्न, विद्युतीय माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्न, साइबर सुरक्षाको समुचित व्यवस्था गरी साइबर अपराधलाई नियन्त्रण गरी सर्वसाधारणको हित कायम गर्न तथा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, बिस्तार र प्रारम्भ**: (१) यस ऐनको नाम "सूचना प्रविधि सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन नेपालभर लागू हुनेछ र यो ऐनको उल्लघंन गरी कसूर गर्ने जहाँसुकै रहे बसेको व्यक्ति समेतलाई यो ऐन लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले दफा ११५ बमोजिम गठन भएको सूचना प्रविधि अदालत सम्झनु पर्छ।

(ख) "अनुसन्धान अधिकृत" भन्नाले दफा १०५ बमोजिम तोकिएको अनुसन्धान अधिकृत सम्झनु पर्छ।

(ग) "उत्पत्तिकर्ता" भन्नाले विद्युतीय अभिलेख उत्पन्न गर्ने, भण्डारण गर्ने वा सम्प्रेषण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(घ) "कम्प्युटर" भन्नाले विद्युतीय स्वरुपमा रहेको तथ्याङ्कलाई प्रशोधन तथा भण्डारण गर्न सकिने कुनै पनि विद्युतीय उपकरण सम्झनु पर्छ।

(ङ) "कम्प्युटर प्रणाली" भन्नाले आगत र निर्गत (इन्पुट र आउटपुट) सहायता संयन्त्र लगायतका कम्प्युटर कार्यक्रम, विद्युतीय निर्देशन, आगत र निर्गत तथ्याङ्कहरु समाविष्ट भएको र तार्किक, अङ्कगणितीय, तथ्याङ्क सञ्चय तथा पुनः प्राप्ति, सञ्चार र नियन्त्रण लगायतका कार्यहरु सम्पादन गर्ने संयन्त्र वा संयन्त्रको समूह सम्झनु पर्छ।

(च) "केन्द्र" भन्नाले दफा १२० बमोजिमको राष्ट्रिय सूचना प्रविधि केन्द्र सम्झनु पर्छ।

(छ) "जोडी साँचो" (की पीयर) भन्नाले डिजिटल हस्ताक्षर सिर्जना गर्ने निजी साँचो र सो हस्ताक्षर सम्पुष्टि गर्ने गणितीय रुपमा अन्तर आबद्ध सार्वजनिक साँचोको जोडी सम्झनु पर्छ।

(ज) "डिजिटल हस्ताक्षर" भन्नाले दफा १६ को उपदफा (१) बमोजिमको शर्त पूरा गरी विद्युतीय स्वरुपमा भएको हस्ताक्षर सम्झनु पर्छ।

(झ) "तथ्याङ्क" भन्नाले कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कमा प्रयोग गर्ने उद्देश्यले अक्षर, अंक, छवि, ध्वनि वा श्रव्य दृश्यमा औपचारिक तवरले तयार पारिँदै गरेको वा तयार गरिएको वा कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कद्वारा उत्पादन गरिएको सूचना, ज्ञान तथा अवधारणा वा निर्देशनको प्रस्तुतीकरण सम्झनु पर्छ।

(ञ) "निजी साँचो" (प्राईभेट की) भन्नाले डिजिटल हस्ताक्षर सृजना गर्न प्रयोग गरिएको जोडी साँचो मध्ये सम्बन्धित प्रयोगकर्तासँग मात्र रहने साँचो सम्झनु पर्छ।

(ट) "नियन्त्रक" भन्नाले दफा १९ बमोजिम नियुक्त भएको वा तोकिएको नियन्त्रक सम्झनु पर्छ।

(ठ) "पहुँच" (एक्सेस) भन्नाले कुनै कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कको तार्किक, अङ्कगणितीय वा स्मरण कार्य सम्पदाहरुमा प्रवेश प्राप्त गर्ने, त्यस्ता सम्पदाहरुलाई निर्देशन दिने वा त्यस्ता सम्पदाहरुसँग सञ्चार सम्पर्क गर्न सक्ने अवसर सम्झनु पर्छ।

(ड) "प्रयोगकर्ता" भन्नाले डिजिटल हस्ताक्षर सम्बन्धी प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ढ) "प्रमाणपत्र" भन्नाले दफा ३८ बमोजिम प्रमाणीकरण निकायले जारी गरेको डिजिटल हस्ताक्षर सम्बन्धी प्रमाणपत्र सम्झनु पर्छ।

(ण) "प्रमाणीकरण निकाय" भन्नाले डिजिटल हस्ताक्षर प्रमाणपत्र जारी गर्न दफा २१ बमोजिम इजाजतपत्र प्राप्त प्रमाणीकरण निकाय सम्झनु पर्छ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(थ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सूचना प्रविधि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(द) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति वा कानून बमोजिम दर्ता भएको कुनै कम्पनी, फर्म वा संस्था सम्झनु पर्छ।

(ध) "विभाग" भन्नाले सूचना प्रविधि विभाग सम्झनु पर्छ।

(न) "विद्युतीय अभिलेख" भन्नाले कम्युटर तथा कम्प्युटर प्रणालीको प्रयोग गरी डिजिटल ढाँचामा राखिने सबै किसिमका अभिलेख सम्झनु पर्छ ।

(प) "विद्युतीय प्रणाली" भन्नाले अन्तरआवद्ध वा आपसमा सम्बन्धित विद्युतीय उपकरण वा उपकरणहरुको समूह सम्झनु पर्छ र सो शब्दले एक वा एक भन्दा बढि उपकरण विद्युतीय तथ्याङ्क वा सिग्नलको स्वचालित रुपमा प्रशोधन (अटोमेटिक प्रोसेसिङ्ग) गर्ने कार्य र स्थायी, अस्थायी वा अन्य त्यस्तै विद्युतीय भण्डारण माध्यमलाई समेत जनाउँछ ।

(फ) "वैयक्तिक विवरण" भन्नाले कुनै पनि व्यक्तिको देहायको विषयसँग सम्बन्धित सूचना वा विवरण सम्झनु पर्छः—

(१) निजको जात, जाति, जन्म, उत्पत्ति, धर्म, वर्ण वा वैवाहिक स्थिति,

(२) निजको शिक्षा वा शैक्षिक उपाधि,

(३) निजको ठेगाना, टेलिफोन वा विद्युतीयपत्र (इमेल) को ठेगाना,

(४) निजको राहदानी, नागरिकताको प्रमाणपत्र, राष्टिय परिचयपत्र नम्बर, सवारी चालक अनुमतिपत्र, मतदाता परिचयपत्र वा सार्वजनिक निकायबाट जारी भएका परिचयपत्रको विवरण,

(५) वैयक्तिक सूचना उल्लेख गरी निजले कसैलाई पठाएको वा निजले प्राप्त गरेको पत्र,

(६) निजको औलाको छाप, हस्तरेखा, आँखाको रेटिना, रगत समूह वा निजको अन्य जैविक विवरण,

(७) निजको आपराधिक पृष्ठभूमि वा निजले फौजदारी कसूरमा सजाय पाएको वा कसूर भुक्तान गरेको विवरण,

(८) कुनै निर्णय प्रक्रियामा पेशागत वा विशेषज्ञ राय दिने व्यक्तिले त्यस्तो प्रक्रियामा के, कस्तो राय वा धारणा व्यक्त गरेको थियो भन्ने विषय,

(ब) "सरकारी निकाय" भन्नाले नेपाल सरकारको मन्त्रालय, सचिवालय वा सो अन्तर्गतका कार्यालय, संवैधानिक निकाय वा सो अन्तर्गतका कार्यालय, अदालत, प्रदेश सरकार वा सो अन्तर्गतका कार्यालय, स्थानीय तह र सो अन्तर्गतका कार्यालय सम्झनु पर्छ र सो शब्दले त्यस्तै प्रकृतिका अन्य कार्यालय समेतलाई जनाउँछ।

(भ) "साइबर सुरक्षा" भन्नाले कुनै पनि सूचना प्रविधिमा आधारित प्रणाली ,नेटवर्क र प्रोग्रामलाई डिजिटल आक्रमणबाट सुरक्षा गर्ने अभ्यास सम्झनु पर्छ।

(म) "सामाजिक सञ्जाल" भन्नाले कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधाक तथा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु प्रसार गर्ने सुविधा समेत प्रदान गर्ने इन्टरनेट वा सूचना प्रविधिमा आधारित प्रणालीलाई सम्झनु पर्छ।

(य) "सार्वजनिक साँचो" (पब्लिक की)भन्नाले डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्न प्रयोग गरिएको कुनै जोडी साँचोको एक साँचो सम्झनु पर्छ।

(र) "सार्वजनिक संस्था" भन्नाले देहायका संस्था सम्झनु पर्छः—

(१)नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको कम्पनी, बैङ्क वा समिति, संस्था वा प्रचलित कानून बमोजिम स्थापित आयोग, संस्था, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदानप्राप्त विश्वविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(४) उपखण्ड (१), (२) वा (३) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदानप्राप्त संस्था,

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था।

(ल) "सूचना" भन्नाले सरकारी निकाय, सार्वजनिक संस्था वा कुनै व्यक्ति तथा संस्थाबाट सम्पादन हुने वा भएको महत्वपूर्ण काम, कारबाही वा निर्णयसँग सम्बन्धित कुनै तथ्याङ्क सम्झनु पर्छ।

(व) "सूचना प्रविधि" भन्नाले कम्युटर तथा कम्प्युटर प्रणालीको प्रयोग गरिएका सबै स्वरुपका सूचना, सृजना गर्ने, उत्पादन गर्ने, सम्प्रेषण गर्ने, प्राप्त गर्ने वा सुरक्षण गर्ने प्रविधि सम्झनु पर्छ ।

(श) "सूचना प्रविधि प्रणाली" भन्नाले सूचना सृजना गर्ने, उत्पादन गर्ने, सम्प्रेषण गर्ने, प्राप्त गर्ने, जम्मा गर्ने, प्रदर्शन गर्ने वा अन्य किसिमबाट प्रशोधन गर्ने प्रणाली सम्झनु पर्छ।

(ष) "सेवा प्रदायक" भन्नाले कुनै तेस्रो पक्षको सूचना आदान प्रदान वा भण्डारण गर्ने कार्य गर्ने व्यक्ति सम्झनु पर्छ।

(स) "संवेदनशील पूर्वाधार" भन्नाले दफा ७९ बमोजिमको संवेदनशील सूचना तथा सञ्चार पूर्वाधार सम्झनु पर्छ।

## परिच्छेद—२

## विद्युतीय अभिलेख सम्बन्धी व्यवस्था

३. **विद्युतीय अभिलेखले कानूनी मान्यता पाउने:** प्रचलित कानूनमा कुनै सूचना, लिखत, अभिलेख, तथ्याङ्क, लिखित वा मुद्रित वा अन्य कुनै स्वरुपमा हुनु पर्ने भनी उल्लेख गरिएको रहेछ भने त्यस्तो विषय यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित प्रक्रिया पूरा गरी विद्युतीय अभिलेखको रुपमा राखिएको अभिलेखले कानूनी मान्यता प्राप्त गर्नेछ।

४. **मूल वा सक्कल अभिलेखको रुपमा पेश गर्न सकिने:** (१) प्रचलित कानूनमा मूल वा सक्कल अभिलेख नै पेश गर्नुपर्ने वा सुरक्षित राख्नु पर्ने भनी उल्लेख गरिएको रहेछ भने देहाय बमोजिमका शर्त पूरा भएमा त्यस्तो मूल वा सक्कल अभिलेखको विद्युतीय प्रति पेश गर्न सकिनेछ:-

(क) विद्युतीय स्वरुपमा सृजना गरिएको समयदेखि सो अभिलेखमा कुनै पनि किसिमबाट परिवर्तन गरिएको छैन भनी विश्वास गर्न सकिने तोकिए बमोजिमको आधार विद्यमान भएमा,

(ख) त्यस्तो अभिलेखलाई कुनै व्यक्ति समक्ष पेश गर्नु पर्ने गरी अनिवार्य गरिएको अवस्थामा सो अभिलेखलाई जसका समक्ष पेश गरिनु पर्ने हो, सो व्यक्तिलाई स्पष्ट रुपमा देखाउन सकिने प्रकृतिको भएमा।

(२) उपदफा (१) बमोजिम पेश गरिएको अभिलेखले कानूनी मान्यता प्राप्त गर्नेछ ।

५. **सुरक्षित राख्नु पर्ने** : (१) प्रचलित कानूनमा कुनै सूचना, लिखत, तथ्याङ्क वा अभिलेख कुनै खास अवधिसम्म सुरक्षित राख्नु पर्ने भनी उल्लेख गरिएको रहेछ भने देहायका शर्त पूरा हुने गरी त्यस्तो सूचना, लिखत, तथ्याङ्क वा अभिलेख विद्युतीय स्वरुपमा सुरक्षित राख्नु पर्नेछ र त्यस्तो सूचना, लिखत, तथ्याङ्क वा अभिलेखले कानूनी मान्यता प्राप्त गर्नेछ:-

(क) पछिल्ला प्रसङ्गहरुमा प्रयोग गर्न सकिने गरी पहुँचयोग्य अवस्थामा राखिएको भएमा,

(ख) शुरुमा सृजना गरी सम्प्रेषण गरिएको, प्राप्त गरिएको वा जम्मा गरिएको अवस्थाकै रुपमा पुनः दुरुस्त रुपमा प्रस्तुत गर्ने गरी प्रदर्शन गर्न सकिने ढाँचामा सुरक्षित राखिएको भएमा,

(ग) उत्पत्ति, गन्तव्य र सम्प्रेषण वा प्राप्तिको मिति तथा समय पहिचान गर्न सकिने विवरण उपलब्ध हुने गरी राखिएको भएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिलेख सम्प्रेषण गर्ने वा प्राप्त गर्ने प्रयोजनको लागि स्वचालित रुपमा सृजना हुने सूचनाको सम्बन्धमा यस दफाको व्यवस्था लागू हुने छैन।

६. **सुरक्षित विद्युतीय अभिलेख** : तोकिए बमोजिमको सुरक्षण कार्यविधि अपनाई सृजना गरिएको विद्युतीय अभिलेखमा कुनै किसिमको हेरफेर गरिएको छ वा छैन भन्ने कुराको सम्बन्धमा तोकिए बमोजिम परीक्षण गरिएको भए त्यस्तो विद्युतीय अभिलेखलाई सुरक्षित विद्युतीय अभिलेख मानिनेछ।

## परिच्छेद–३

## विद्युतीय अभिलेखको सम्प्रेषण, प्राप्ति तथा स्वीकार सम्बन्धी व्यवस्था

७. **उत्पत्तिकर्ताको मानिने**: (१) देहायका अवस्थामा कुनै विद्युतीय अभिलेख उत्पत्तिकर्ताको मानिनेछ :–

(क) उत्पत्तिकर्ता आफैले त्यस्तो विद्युतीय अभिलेख सम्प्रेषण गरेको भएमा,

(ख) त्यस्तो विद्युतीय अभिलेखको सम्बन्धमा आवश्यक कार्य गर्न उत्पत्तिकर्ताको तर्फबाट अख्तियारी प्राप्त गरेको व्यक्तिले त्यस्तो विद्युतीय अभिलेख सम्प्रेषण गरेको भएमा,

(ग) उत्पत्तिकर्ताको नियन्त्रणमा रहेको स्वचालित रुपमा सञ्चालन हुने गरी बनाइएको सूचना प्रविधि प्रणालीबाट त्यस्तो विद्युतीय अभिलेख सम्प्रेषण गरिएको भएमा।

(२) उपदफा (१) बमोजिम सम्प्रेषण गरिएको विद्युतीय अभिलेखको सम्बन्धमा तोकिए बमोजिमको अवस्था विद्यमान भएमा प्रापकले त्यस्तो विद्युतीय अभिलेख उत्पत्तिकर्ताको हो भन्ने कुरा मानी सोही आधारमा तत्सम्बन्धी कार्य गर्ने अधिकार प्राप्त गर्नेछ।

८. **<u>विद्युतीय अभिलेखको प्राप्ति र स्वीकार तथा सोको जानकारी दिने प्रकृया</u>**: (१) उत्पत्तिकर्ताले विद्युतीय अभिलेख पठाउँदाका बखत वा पठाउनु भन्दा अगावै प्रापकलाई सो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई पठाउन अनुरोध गरेको वा त्यसरी सूचना वा भरपाई पठाउन प्रापक र उत्पत्तिकर्ताका बीचमा सहमति भएको अवस्थामा त्यस्तो विद्युतीय अभिलेखको प्राप्ति स्वीकार गर्ने सम्बन्धमा उपदफा (२), (३) र (४) का व्यवस्थाहरु लागू हुनेछन्।

(२) विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई कुनै खास ढाँचामा वा कुनै खास तरिकाबाट दिनु पर्ने गरी उत्पत्तिकर्ता र प्रापकबीचमा कुनै सम्झौता नभएको अवस्थामा त्यस्तो सूचना वा भरपाई देहाय बमोजिम दिन सकिनेछः-

(क) प्रापकबाट स्वचालित वा अन्य कुनै किसिमको सञ्चार माध्यमद्वारा,

(ख) विद्युतीय अभिलेख प्राप्त भएको कुरा उत्पत्तिकर्तालाई सङ्केत गर्न पर्याप्त हुने किसिमको प्रापकको कुनै व्यवहारद्वारा।

(३) उत्पत्तिकर्ताले कुनै विद्युतीय अभिलेखको सम्बन्धमा त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्रापकबाट प्राप्त गरेपछि मात्र निजको हकमा त्यस्तो विद्युतीय अभिलेख बन्धनकारी हुने भनी उल्लेख गरेको अवस्थामा प्रापकबाट त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्राप्त नभएसम्म त्यस्तो विद्युतीय अभिलेख उत्पत्तिकर्ताले पठाएको मानिने छैन।

(४) उत्पत्तिकर्ताले कुनै विद्युतीय अभिलेखको सम्बन्धमा त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्रापकबाट प्राप्त गरेपछि मात्र निजको हकमा त्यस्तो विद्युतीय अभिलेख बन्धनकारी हुने भनी उल्लेख नगरेको अवस्थामा त्यस्तो विद्युतीय अभिलेख प्राप्तिको सूचना वा भरपाईको सम्बन्धमा उत्पत्तिकर्ता वा प्रापकबीच कुनै समय निर्धारण वा मञ्जुरी नभएको भए तोकिए बमोजिमका समयभित्र उत्पत्तिकर्ताले प्रापकबाट त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्राप्त गरिसकेको हुनु पर्नेछ। यसरी प्रापकबाट विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्राप्त नभएमा त्यस्तो विद्युतीय अभिलेख उत्पत्तिकर्ताले पठाएको मानिने छैन।

(५) विद्युतीय अभिलेखको प्राप्ति, स्वीकार तथा सोको जानकारी दिने सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

९. **<u>सम्प्रेषण र प्राप्तिको समय तथा स्थान</u>**: (१) उत्पत्तिकर्ता र प्रापकबीचमा अन्यथा सम्झौता भएकोमा बाहेक कुनै विद्युतीय अभिलेख उत्पत्तिकर्ताको नियन्त्रण बाहिरको सूचना प्रणालीमा प्रवेश गरेपछि त्यस्तो विद्युतीय अभिलेखको सम्प्रेषण भएको मानिनेछ।

(२) उत्पत्तिकर्ता र प्रापकबीचमा अन्यथा सम्झौता भएकोमा बाहेक कुनै विद्युतीय अभिलेखको प्राप्तिको समय र स्थान तोकिए बमोजिम निर्धारण गरिनेछ।

१०. **करारले कानूनी मान्यता पाउने** : प्रचलित कानून बमोजिम भएको करार यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमको अधीनमा रहि विद्युतीय माध्यमबाट सम्पन्न भएको रहेछ भने त्यस्तो करारले कानूनी मान्यता पाउनेछ।

११. **सम्झौताद्वारा व्यवस्था गर्न सक्ने**: विद्युतीय अभिलेख सृजना गर्ने, सम्प्रेषण गर्ने, प्राप्त गर्ने, सञ्चय गर्ने वा अन्य कुनै किसिमबाट प्रशोधन गर्ने कार्यमा संलग्न पक्षहरुले तत्सम्बन्धी आफ्ना काम कारबाहीका सम्बन्धमा यस परिच्छेदका व्यवस्थाहरुको प्रतिकूल नहुने गरी सम्झौताद्वारा थप व्यवस्था गर्न सक्नेछन्।

१२.**सूचना प्रविष्ट गर्न, हेरफेर गर्न, मेटाउन वा लुकाउन छिपाउन नहुने**: कसैले कुनै अप्रमाणिक विद्युतीय सूचनालाई प्रमाणिक हो भन्ने देखाउन वा कानूनी प्रयोजनको लागि प्रयोग गर्न पढ्न वा बुझ्न सकिने वा नसकिने जुनसुकै स्वरुपमा कुनै सूचना प्रविष्ट गर्न, हेरफेर गर्न, मेटाउन वा लुकाउन छिपाउन हुदैन ।

१३. **आर्थिक लाभ पु-याउने नियतले विद्युतीय प्रणालीको कार्य सञ्चालनमा हस्तक्षेप गर्न नहुने**: कसैले आफू वा अरु कसैलाई आर्थिक लाभ पु-याउने नियतले अनाधिकृत रुपमा विद्युतीय सूचना प्रविष्ट वा सम्प्रेषण वा हेरफेर गरी वा मेटाई वा लुकाई-छिपाई गरी विद्युतीय प्रणालीको कार्य सञ्चालनमा हस्तक्षेप गर्न वा कसैलाई आर्थिक नोक्सानी हुने गरी निजको संवेदनशील वित्तीय सूचना प्राप्त गर्न वा गराउन हुदैन।

१४. **दुराशययुक्त प्रोग्राम संप्रेषण वा सञ्चालन गर्न नहुने:** कसैले विद्युतीय प्रणालीमा रहेको सूचना अनाधिकृत रुपमा प्राप्त गर्ने, परिवर्तन गर्ने, मेटाउने वा निष्क्रिय पार्ने उद्देश्यले कुनै दुराशययुक्त प्रोग्राम संप्रेषण गर्न वा सञ्चालन गर्न हुदैन ।

१५. **फरक मालसामान वा सेवा उपलब्ध गराउन नहुने:** कसैले विद्युतीय माध्यमबाट कुनै मालसामान वा सेवाको खरिद गरी मूल्य भुक्तान गरिसकेको अवस्थामा उपभोक्तालाई विक्रिको अनलाईन करार बमोजिमभन्दा फरक खालको मालसामान वा सेवा उपलब्ध (डेलिभरी) गराउन वा तोकेको समयभन्दा पछि पठाउन हुदैन।

## परिच्छेद–४

## डिजिटल हस्ताक्षर सम्बन्धी व्यवस्था

१६. **डिजिटल हस्ताक्षर**: (१) डिजिटल हस्ताक्षर सृजना गर्न देहाय बमोजिमका शर्त पूरा भएको हुनु पर्नेछः-

(क) हस्ताक्षरको सिर्जना सम्बन्धी तथ्याङ्क र प्रमाणीकरण तथ्याङ्क हस्ताक्षरकर्तासँग मात्र सम्बन्धित भएको यकिन गर्न सकिने भएमा,

(ख) हस्ताक्षरको सिर्जना सम्बन्धी तथ्याङ्क हस्ताक्षर गर्दाको बखतमा हस्ताक्षरकर्ताको मात्र नियन्त्रणमा रहेको पुष्टि गर्न सकिने भएमा,

(ग) विद्युतीय हस्ताक्षर गरिसकेपछि सम्बन्धित अभिलेख तथा हस्ताक्षरमा गरिएको परिवर्तन भए नभएको पत्ता लगाउन सकिने भएमा।

(२) यस परिच्छेदमा भएका व्यवस्थाहरुको अधिनमा रही प्रयोगकर्ताले निजको डिजिटल हस्ताक्षर प्रयोग गरी विद्युतीय अभिलेख प्रमाणित गर्न सक्नेछ।

१७.**<u>डिजिटल हस्ताक्षरको कानूनी मान्यता</u>** : (१) प्रचलित कानूनमा कुनै सूचना, लिखत, अभिलेख वा अन्य कुनै कुरालाई हस्ताक्षरद्वारा प्रमाणित गर्नु पर्ने वा कुनै लिखतमा कुनै व्यक्तिको हस्ताक्षर गरिएको हुनु पर्ने भनी उल्लेख गरिएको रहेछ भने त्यस्ता सूचना, लिखत वा अभिलेख यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित प्रक्रिया पूरा गरी डिजिटल हस्ताक्षरद्वारा प्रमाणित गरिएको भए त्यस्तो डिजिटल हस्ताक्षरले कानूनी मान्यता प्राप्त गर्नेछ।

(२) उपदफा (१) बमोजिमको डिजिटल हस्ताक्षर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८. <u>सुरक्षित डिजिटल हस्ताक्षर मानिने</u>**: कुनै विद्युतीय अभिलेखमा गरिएको डिजिटल हस्ताक्षरलाई तोकिए बमोजिमको सुरक्षण कार्यविधि अपनाई तोकिए बमोजिम परीक्षण र सम्पुष्टि गरिएको भए त्यस्तो डिजिटल हस्ताक्षरलाई सुरक्षित डिजिटल हस्ताक्षर मानिनेछ।

## परिच्छेद—५

## <u>नियन्त्रक र प्रमाणीकरण निकाय सम्बन्धी व्यवस्था</u>

१९. **<u>नियन्त्रक सम्बन्धी व्यवस्था</u>** : (१) प्रमाणीकरण निकायलाई इजाजतपत्र दिने काम समेतको लागि मन्त्रालयले तोकिए बमोजिमको योग्यता र अनुभव प्राप्त गरेको व्यक्तिलाई नियन्त्रक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नियन्त्रक नियुक्त नगरेसम्म नेपाल सरकारले नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई नियन्त्रकको काम गर्न तोक्न सक्नेछ।

(३) मन्त्रालयले कुनै निकायलाई नियन्त्रकको कार्यालय तोक्न वा आवश्यकता अनुसार नियन्त्रकको छुट्टै कार्यालय खोल्न सक्नेछ।

२०. **<u>नियन्त्रकको काम, कर्तव्य र अधिकार</u>**: नियन्त्रकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) प्रमाणीकरण निकायलाई इजाजतपत्र प्रदान गर्ने,

(ख) प्रमाणीकरण निकायको काम कारबाहीको सुपरिवेक्षण र रेखदेख गर्ने,

(ग) प्रमाणीकरण निकायले डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्ने सम्बन्धमा कायम गर्नु पर्ने स्तर निर्धारण गर्ने,

(घ) प्रमाणीकरण निकायले आफ्नो कारोबार सञ्चालन गर्दा पालन गर्नु पर्ने शर्त निर्धारण गर्ने,

(ङ) प्रमाणपत्रको ढाँचा र त्यसभित्र समाविष्ट हुनु पर्ने विषय वस्तुको निर्धारण गर्ने,

(च) प्रमाणीकरण निकायले ग्राहकसँग व्यवहार गर्दा अपनाउनु पर्ने प्रक्रिया निर्धारण गर्ने,

(छ) प्रमाणीकरण निकायले यस परिच्छेद बमोजिम प्रकट गरेका सूचनाहरुको अभिलेख खडा गरी सार्वजनिक रुपमा पहुँचयोग्य हुने गरी तथ्याङ्कको व्यवस्था गर्ने र सो तथ्याङ्कलाई अद्यावधिक गर्ने,

(ज) प्रमाणीकरण निकायको वार्षिक कार्य सम्पादन परीक्षण गर्ने, गराउने,

(झ) तोकिए बमोजिमको अन्य काम गर्ने।

२१. **<u>प्रमाणीकरण निकाय सम्बन्धी व्यवस्था</u>**: (१) डिजिटल हस्ताक्षर प्रमाणपत्र जारी गर्न, निलम्बन गर्न वा रद्द गर्ने काम समेतको लागि प्रमाणीकरण निकायले नियन्त्रकबाट यस ऐन बमोजिम इजाजतपत्र प्राप्त गर्नु पर्नेछ।

(२) उपदफा (१) का अतिरिक्त प्रमाणीकरण निकायको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२२. **<u>इजाजतपत्रको लागि निवेदन दिनु पर्ने</u>**: दफा २१ बमोजिम प्रमाणीकरण निकायको रुपमा काम गर्न तोकिए बमोजिमको योग्यता पुगेका व्यक्तिले इजाजतपत्र प्राप्त गर्न तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित देहाय बमोजिमका कागजात सहित नियन्त्रक समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रमाणीकरण सम्बन्धी विवरण,

(ख) निवेदकको पहिचान तथा सनाखतको पुष्टि हुने किसिमका कागजात,

(ग) वित्तीय स्रोत, जनशक्ति तथा आवश्यक अन्य सुविधा खुल्ने कागजात,

(घ) तोकिए बमोजिमका अन्य कागजात।

२३. **<u>इजाजतपत्र दिनु पर्ने</u>**: (१) नियन्त्रकले दफा २२ बमोजिम इजाजतपत्रको लागि आफू समक्ष प्राप्त भएको निवेदनको सम्बन्धमा तोकिए बमोजिमको योग्यता पुगे नपुगेको आवश्यक जाँचबुझ तथा निक्यौंल गरी तोकिएको ढाँचामा ईजाजतपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्रको विवरण सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्नेछ।

(३) इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **<u>इजाजतपत्र नवीकरण गर्नु पर्ने</u>**: (१) प्रमाणीकरण निकायले प्राप्त गरेको इजाजतपत्र प्रत्येक दुई वर्षमा नवीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको नवीकरण गर्न चाहने प्रमाणीकरण निकायले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको नवीकरण दस्तुर संलग्न गरी इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा छ महिना अघि नियन्त्रक समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा नियन्त्रकले इजाजतपत्र नवीकरण गर्ने वा नगर्ने भन्ने सम्बन्धमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा एक महिना अघि निर्णय गरिसक्नु पर्नेछ।

(४) नियन्त्रकले इजाजतपत्र नवीकरण नगर्ने निर्णय गर्नु अघि निवेदकलाई आफ्नो सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ।

२५. **इजाजतपत्र निलम्बन गर्न सक्ने**: (१) प्रमाणीकरण निकायले इजाजतपत्र प्राप्त गर्नको लागि नियन्त्रक समक्ष पेश गरेको कागजात वा विवरण र वित्तीय तथा भौतिक स्रोत फरक वा झुट्टा भएमा वा कारोबार सञ्चालन गर्दा पालन गर्नु पर्ने शर्तको पालना नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेको पाइएमा नियन्त्रकले तत्सम्बन्धमा जाँचबुझ पूरा नभएसम्मका लागि प्रमाणीकरण निकायको इजाजतपत्र निलम्बन गर्न सक्नेछ।

तर त्यसरी इजाजतपत्र निलम्बन गर्नु अघि प्रमाणीकरण निकायलाई आफ्नो भनाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ।

(२) इजाजतपत्र निलम्बन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **इजाजतपत्र रद्द गर्न सक्ने**: (१) प्रमाणीकरण निकायको काम कारबाहीका सम्बन्धमा तोकिए बमोजिमको रीत पुर्‍याई भएको जाँचबुझबाट देहायका कुनै कुरा हुन गएको देखिएमा नियन्त्रकले यस ऐन बमोजिम जारी गरेको इजाजतपत्र जुनसुकै बखत रद्द गर्न सक्नेछ :—

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अन्तर्गत पूरा गर्नु पर्ने दायित्व प्रमाणीकरण निकायले पूरा नगरेमा,

(ख) प्रमाणीकरण निकायले इजाजतपत्र प्राप्त गर्नको लागि निवेदन दिंदाका बखत वा इजाजतपत्र नवीकरणको लागि निवेदन दिंदाका बखत झुट्टा वा गलत विवरण तथा कागजात दाखिला गरेको देखिएमा,

(ग) प्रमाणीकरण निकायले सार्वजनिक हित वा राष्ट्रिय अर्थतन्त्रलाई प्रतिकूल असर पर्ने किसिमबाट कारोबार सञ्चालन गरेमा,

(घ) प्रमाणीकरण निकायले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अन्तर्गत कसूर ठहरिने कुनै काम गरेमा,

(ङ) नियन्त्रकले दिएको निर्देशन पालना नगरेमा ।

(२) उपदफा (१) बमोजिम नियन्त्रकले इजाजतपत्र रद्द गर्नु अघि प्रमाणीकरण निकायलाई भनाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(३) इजाजतपत्र रद्द गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

२७. **निर्णयको जानकारी दिनुपर्ने**: (१) नियन्त्रकले दफा २५ वा २६ बमोजिम कुनै प्रमाणीकरण निकायको इजाजतपत्र निलम्बन वा रद्द गर्ने गरी गरेको निर्णयको जानकारी त्यस्तो प्रमाणीकरण निकायलाई लिखित रुपमा दिनु पर्नेछ र त्यस्तो सूचना आफ्नो कम्प्युटर तथ्याङ्क आधारमा राखी विद्युतीय स्वरुपमा समेत प्रकाशन गर्नु पर्नेछ।

(२) नियन्त्रकले इजाजतपत्र निलम्बन वा रद्द गरेको निर्णयको सूचना नेपाली र अंग्रेजी भाषाका कम्तीमा दुईवटा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

२८. **विदेशी प्रमाणीकरण निकायलाई मान्यता दिन सक्ने**ः (१) नियन्त्रकले कुनै विदेशी मुलुकको कानून बमोजिम प्रमाणपत्र जारी गर्ने इजाजतपत्र प्राप्त गरेको प्रमाणीकरण निकायलाई नेपाल सरकारको पूर्व स्वीकृति लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिमको शर्त पालना गर्ने गरी मान्यता दिन सक्नेछ। यसरी मान्यता प्राप्त गरेको विदेशी प्रमाणीकरण निकायले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम नेपालमा प्रमाणपत्र जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विदेशी प्रमाणीकरण निकायलाई मान्यता दिंदा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

२९. **निर्देशन दिन सक्ने**ः (१) नियन्त्रकले प्रमाणपत्र जारी गर्ने सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पूरा गर्नु पर्ने दायित्व पालन गर्न लगाउन प्रमाणीकरण निकायलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित प्रमाणीकरण निकायको कर्तव्य हुनेछ।

३०. **अधिकार प्रत्यायोजन गर्न सक्ने**ः नियन्त्रकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफ्नो मातहतका कुनै अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

३१. **जाँचबुझ गर्न सक्ने**ः (१) प्रमाणीकरण निकाय वा अन्य सम्बन्धित व्यक्तिबाट यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको पालना नभएको भन्ने कुरामा शंका गर्नुपर्ने मनासिब कारण भएमा नियन्त्रक आफैले वा अन्य कुनै अधिकृत कर्मचारीद्वारा तत् सम्बन्धमा आवश्यक जाँचबुझ गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जाँचबुझमा सहयोग पुर्‍याउनु प्रमाणीकरण निकायको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम गरिने जाँचबुझको सम्बन्धमा नियन्त्रक वा अन्य कुनै अधिकृत कर्मचारीले अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

३२. **कार्य सम्पादन परीक्षण**ः (१) नियन्त्रकले प्रत्येक वर्ष प्रमाणीकरण निकायको कार्य सम्पादनको परीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन परीक्षण गर्नको लागि नियन्त्रकले कम्प्युटर सुरक्षणमा विशेषज्ञता हासिल गरेका मान्यता प्राप्त लेखापरीक्षक वा कम्प्युटर विशेषज्ञलाई नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गरिएको कार्य सम्पादन परीक्षणको प्रतिवेदन नियन्त्रकले आफ्नो कम्प्युटर तथ्याङ्क आधारमा राखी विद्युतीय स्वरुपमा प्रकाशन गर्नु पर्नेछ।

(४) कार्य सम्पादन परीक्षण गर्ने परीक्षकको योग्यता, पारिश्रमिक र परीक्षणको कार्यविधि तोकिए बमोजिम हुनेछ।

(५) नियन्त्रकले प्रमाणीकरण गर्ने निकायको सेवास्तर निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

३३. **कम्प्युटर र तथ्याङ्कमा पहुँच पाउने**: (१) कसैले डिजिटल हस्ताक्षर सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेको छ भन्ने शङ्का गर्नु पर्ने कारण तत्काल प्राप्त प्रमाणबाट देखिएमा कम्प्युटर प्रणाली, उपकरण, यन्त्र, तथ्याङ्क, सूचना प्रणाली वा त्यस्तो कार्यमा प्रयोग भएको प्रणालीसँग जोडिएको कुनै पनि सामग्रीमा पहुँच पाउने अधिकार नियन्त्रकलाई हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि नियन्त्रकले कुनै पनि कम्प्युटर प्रणाली, उपकरण, यन्त्र, तथ्याङ्क, सूचना प्रणाली वा त्यस्तो सूचना प्रणालीसँग जोडिएको कुनै पनि सामग्रीको धनी वा अन्य जिम्मेवार व्यक्तिलाई निजले आवश्यक ठानेको प्राविधिक वा अन्य सहायता उपलब्ध गराउन निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

३४. **अभिलेख राख्नु पर्ने**: (१) यस ऐन बमोजिम जारी गरिएका सम्पूर्ण प्रमाणपत्रको अभिलेख नियन्त्रकले राख्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि डिजिटल हस्ताक्षरको गोपनीयता र सुरक्षालाई सुनिश्चित गर्न नियन्त्रकले देहाय बमोजिमका कार्य गर्नेछः—

(क) कम्प्युटर सुरक्षण प्रणाली उपयोग गर्ने,

(ख) डिजिटल हस्ताक्षरको गोपनीयता र अखण्डतालाई सुनिश्चित गर्न सुरक्षण कार्यविधि लागू गर्ने,

(ग) तोकिए बमोजिमको स्तरको पालना गर्ने।

(३) नियन्त्रकले सबै सार्वजनिक साँचोहरुको विवरण एउटा कम्प्युटर प्रणालीमा आबद्ध कम्प्युटर तथ्याङ्क आधार अद्यावधिक रुपमा कायम गरी राख्नु पर्नेछ।

(४) डिजिटल हस्ताक्षर सम्पुष्टि गर्ने प्रयोजनको लागि सार्वजनिक साँचो उपलब्ध गराउन अनुरोध गर्ने कुनै पनि व्यक्तिलाई नियन्त्रकले सार्वजनिक साँचो उपलब्ध गराउनु पर्नेछ।

३५. **झुट्टा व्यहोराको सूचना दिन नहुने**: कसैले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने इजाजतपत्र वा प्रमाणपत्र प्राप्त गर्न नियन्त्रक वा प्रमाणिकरण निकाय समक्ष पेश गर्नुपर्ने सूचना झुट्टा व्यहोराको पेश गर्नु हुदैन।

३६. **इजाजतपत्र प्राप्त नगरी काम गर्न नहुने :** कसैले यस ऐन बमोजिम नियन्त्रकले जारी गरेको इजाजतपत्र प्राप्त नगरी प्रमाणीकरण निकायको रुपमा कार्य गर्न वा गराउन हुदैन।

३७. **तोकिएको विवरण वा कागजात दाखिला गर्नु पर्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम नियन्त्रक वा प्रमाणीकरण निकाय समक्ष कुनै विवरण, कागजात वा प्रतिवेदन दाखिला गर्नु पर्ने जिम्मेवारी भएको व्यक्तिले तोकिएको म्यादभित्र त्यस्तो विवरण, कागजात वा प्रतिवेदन दाखिला गर्नु पर्नेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम रीतपूर्वक सुरक्षितसाथ राख्नु पर्ने कुनै किताब, रजिष्टर, स्रेस्ता, लेखा आदि सुरक्षित तथा रीतपूर्वक राख्नु पर्नेछ ।

## परिच्छेद-६

## डिजिटल हस्ताक्षर सम्बन्धी प्रमाणपत्र

३८. **प्रमाणपत्र जारी गर्न सक्ने**ः यस ऐन बमोजिम इजाजतपत्र प्राप्त गरेको प्रमाणीकरण गर्ने निकायले मात्र डिजिटल हस्ताक्षर सम्बन्धी प्रमाणपत्र जारी गर्न सक्नेछ ।

३९. **प्रमाणपत्रको लागि निवेदन दिनु पर्ने** : (१) डिजिटल हस्ताक्षर सम्बन्धी प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको शुल्क तथा विवरण समेत संलग्न गरी प्रमाणीकरण निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा प्रमाणीकरण निकायले तोकिए बमोजिमको कार्यविधि पूरा गरी निवेदन प्राप्त भएको एक महिनाभित्र निवेदकलाई प्रमाणपत्र जारी गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ।

(३) प्रमाणीकरण निकायले उपदफा (२) बमोजिम प्रमाणपत्र जारी गर्ने निर्णय गरेमा सात दिनभित्र आफ्नो हस्ताक्षर सहित तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको विवरण समावेश भएको प्रमाणपत्र जारी गर्नु पर्नेछ र प्रमाणपत्र जारी नगर्ने निर्णय गरेमा सोको कारण सहितको सूचना सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ।

४०. **प्रमाणपत्र निलम्बन गर्न सक्ने**ः (१) प्रमाणीकरण निकायले देहायका अवस्थामा प्रमाणपत्र निलम्बन गर्न सक्नेछ :—

(क) प्रमाणपत्र प्राप्त गर्ने प्रयोगकर्ता वा त्यस्तो प्रयोगकर्ताको तर्फबाट अख्तियारी पाएको व्यक्तिले सो प्रमाणपत्रको निलम्बनको लागि अनुरोध गरेमा,

(ख) तोकिए बमोजिम सार्वजनिक हित विपरीत हुने अवस्थामा प्रमाणपत्रलाई निलम्बन गर्न आवश्यक भएमा,

(ग) प्रमाणपत्र जारी गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुराको पालना नभएको कारणबाट त्यस्तो प्रमाणपत्र माथि भर पर्ने व्यक्तिहरुका लागि उल्लेखनीय हानि नोक्सानी हुनसक्ने देखिएमा सो कुराको कारण खुलाई त्यस्तो प्रमाणपत्र निलम्बन गर्न नियन्त्रकले निर्देशन दिएमा।

(२) प्रमाणपत्रको निलम्बन र निलम्बनको फुकुवा गर्ने सम्बन्धी आधार र कार्यविधि तोकिए बमोजिम हुनेछ।

४१. **<u>प्रमाणपत्र रद्द गर्न सक्ने</u>**: (१) नियन्त्रक वा प्रमाणीकरण निकायले देहायका अवस्थामा प्रमाणपत्र रद्द गर्न सक्नेछ :—

(क) प्रमाणपत्र प्राप्त गर्ने प्रयोगकर्ता वा त्यस्तो प्रयोगकर्ताको तर्फबाट अख्तियारी पाएको व्यक्तिले सो प्रमाणपत्र रद्द गरी पाउनको लागि अनुरोध गरेमा,

(ख) तोकिए बमोजिम सार्वजनिक हित विपरीत हुने अवस्थामा प्रमाणपत्रलाई रद्द गर्न आवश्यक भएमा,

(ग) प्रयोगकर्ताको मृत्यु भएमा,

(घ) प्रयोगकर्ता कुनै कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो सङ्गठित संस्था वा कम्पनी प्रचलित कानून बमोजिम दामासाहीमा परेमा, खारेजी वा विघटन भएमा,

(ङ) प्रमाणपत्र जारी गर्दा पूरा गर्नु पर्ने कुनै शर्त पूरा नभएको प्रमाणित भएमा,

(च) प्रमाणपत्रमा स्पष्ट पारिएको कुनै आधारभूत तथ्य झुट्टा प्रमाणित भएमा,

(छ) प्रमाणपत्रको विश्वसनीयतामा तात्विक रुपमा असर पर्ने गरी जोडी साँचो सृजना गर्न प्रयोग गरिएको साँचो वा सुरक्षण प्रणालीमा फेरबदल वा काँटछाँट गरिएमा।

(२) प्रमाणपत्र रद्द गर्दा नियन्त्रक वा प्रमाणीकरण निकायले पालना गर्नु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

४२. **<u>प्रमाणपत्र निलम्बन वा रद्द गरिएको सूचना</u>**: (१) दफा ४० वा ४१ बमोजिम प्रमाणपत्रको निलम्बन वा रद्द गरिएकोमा त्यसरी प्रमाणपत्र रद्द गर्ने वा निलम्बन गर्ने प्रमाणीकरण निकाय वा नियन्त्रकले सोको अभिलेख राखी त्यसको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निलम्बन वा रद्द गरिएको सूचना यथाशीघ्र प्रयोगकर्तालाई दिनु पर्ने दायित्व प्रमाणीकरण निकायको हुनेछ।

४३. **<u>झुट्टा प्रमाणपत्र पेश गर्न नहुने :</u>** कसैले प्रमाणपत्रमा उल्लेख भएको प्रमाणीकरण निकायले सो प्रमाणपत्र जारी गरेको होइन वा सो प्रमाणपत्रमा सूचीकृत गरिएको ग्राहकले सो प्रमाणपत्र स्वीकार गरेको छैन वा

सो प्रमाणपत्र निलम्बन वा रद्द भइसकेको छ भन्ने जानि–जानि त्यस्तो प्रमाणपत्रको प्रकाशन गरेमा वा अन्य कसैलाई कुनै व्यहोराले उपलब्ध गर्न वा गराउन हुदैन।

तर, निलम्बन वा रद्द भइसकेको प्रमाणपत्रलाई त्यसरी रद्द वा निलम्बन हुनु अगाडि गरिएको डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्ने प्रयोजनको लागि प्रकाशन गरिएको वा उपलब्ध गराइएकोमा यस उपदफा बमोजिमको कसूर गरेको मानिने छैन ।

## परिच्छेद-७

## प्रयोगकर्ताको काम, कर्तव्य र अधिकार

४४. **जोडी साँचो सृजना गर्ने**: (१) प्रमाणीकरण निकायबाट जारी गरिएको र प्रयोगकर्ताद्वारा स्वीकार गरिएको प्रमाणपत्रमा सूचीकृत गरिनु पर्ने सार्वजनिक साँचो समावेश भएको जोडी साँचो प्रयोगकर्ताले नै सृजना गर्नु पर्ने भएमा प्रयोगकर्ताले त्यस्तो जोडी साँचो सृजना गर्दा तोकिए बमोजिमको प्रविधि र प्रणाली प्रयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जोडी साँचो सृजना गर्न प्रयोग गर्नु पर्ने सुरक्षण प्रणालीको सम्बन्धमा प्रयोगकर्ता र प्रमाणीकरण निकायका बीचमा कुनै सम्झौता भएको वा प्रमाणीकरण निकायले कुनै खास प्रणालीलाई स्वीकृत गरेको अवस्थामा त्यसरी सम्झौता भएको वा स्वीकृत गरेको सुरक्षण प्रणाली प्रयोग गर्नु प्रयोगकर्ताको कर्तव्य हुनेछ।

४५. **प्रमाणपत्र स्वीकार गर्ने** : (१) देहायका अवस्थामा प्रयोगकर्ताले प्रमाणपत्र स्वीकार गरेको मानिनेछः-

(क) निजले सो प्रमाणपत्र प्रकाशन गरेमा वा प्रकाशनको लागि एक वा एकभन्दा बढी व्यक्तिलाई अख्तियारी प्रदान गरेमा,

(ख) निजले सो प्रमाणपत्रलाई स्वीकार गरेको छ भनी विश्वास गर्न सकिने कुनै आधार भएमा।

(२) उपदफा (१) बमोजिम प्रमाणपत्रलाई स्वीकार गरेको भएमा सो कारणबाट प्रयोगकर्ताले सो प्रमाणपत्रमा उल्लेख भएको कुनै सूचना माथि भर पर्ने व्यक्तिलाई देहायका कुराहरुको प्रत्याभूति गरेको मानिनेछः-

(क) प्रयोगकर्ताले प्रमाणपत्रमा सूचीकृत गरिएको सार्वजनिक साँचोसँग सङ्गति राख्ने निजी साँचो धारण गर्ने अख्तियारी पाएको,

(ख) प्रमाणपत्र जारी गर्ने सिलसिलामा प्रयोगकर्ताले प्रमाणीकरण निकायलाई उपलब्ध गराएको सम्पूर्ण सूचना तथा जानकारी सही र दुरुस्त भएको तथा प्रमाणपत्रमा समाविष्ट भएका सूचनासँग सम्बद्ध सबै तथ्यहरु सत्य भएको, र

(ग) प्रयोगकर्तालाई जानकारी भएसम्म वा निजले जानेबुझेसम्म प्रमाणपत्रमा उल्लेख भएका सूचना सत्य र दुरुस्त भएको।

४६. **<u>निजी साँचोलाई सुरक्षित राख्नु पर्ने</u>**ः (१) प्रत्येक प्रयोगकर्ताले आफूले प्राप्त गरेको प्रमाणपत्रमा सूचीकृत गरिएको सार्वजनिक साँचोसँग सम्बन्धित निजी साँचोलाई सुरक्षित राख्न आवश्यक उपाय अवलम्बन गर्नु पर्नेछ र डिजिटल हस्ताक्षर सृजना गर्ने अख्तियारी नपाएको कुनै पनि व्यक्तिलाई त्यस्तो साँचो बारे जानकारी हुन दिनबाट रोक्न आवश्यक सबै उपायहरु अवलम्बन गर्नु पर्नेछ।

(२) प्रयोगकर्ताको निजी साँचो बारे कुनै कारणबाट कतै जानकारी गराएको भएमा वा सो साँचोमा कुनै काँटछाँट हुन गएमा प्रयोगकर्ताले सोको सूचना यथाशीघ्र प्रमाणीकरण निकायलाई दिनु पर्नेछ र त्यस्तो सूचना प्राप्त हुन आएमा प्रमाणीकरण निकायले यथाशिघ्र प्रमाणपत्र निलम्बन गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम प्रमाणपत्र निलम्बन भएमा त्यस्तो निलम्बन अवधिभर यो दफा बमोजिम निजी साँचो सुरक्षित राख्नु प्रयोगकर्ताको कर्तव्य हुनेछ।

४७. **<u>निजी साँचो नियन्त्रक समक्ष दाखिला गर्नु पर्ने</u>**ः (१) नेपालको सार्वभौमिकता वा अखण्डताको रक्षा गर्न वा मित्रराष्ट्रहरुसँगको मैत्रीपूर्ण सम्बन्धलाई कायम राख्न, शान्ति सुरक्षा कायम राख्न, प्रचलित कानून बमोजिम कसूर ठहर्ने कुनै कार्य हुनबाट रोक्न वा तोकिए बमोजिमको अन्य अवस्थामा नियन्त्रकले कुनै प्रयोगकर्तालाई कारण खुलाई निजी साँचो आफू समक्ष दाखिला गर्न आवश्यक ठानी निर्देशन दिएमा त्यस्तो प्रयोगकर्ताले सो निजी साँचो तुरुन्त नियन्त्रक समक्ष दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दाखिला भएको निजी साँचो बारे नियन्त्रकले अनधिकृत व्यक्तिलाई जानकारी गराउन हुँदैन।

४८. **<u>विद्युतीय माध्यममा रहेको व्यक्ति तथा संस्थाको पहिचानको दुरुपयोग गर्न नहुनेः</u>** कसैले विद्युतीय माध्यममा रहेको व्यक्ति तथा संस्थाको निजि साँचो, पासवर्ड वा अन्य विद्युतीय स्वरुपमा रहेको पहिचानको स्थानान्तरण, नियन्त्रण वा प्रयोग विद्युतीय प्रणालीको उपयोग गरी प्रचलित कानूनले अपराधको रुपमा तोकेको कार्य गर्ने मनसायले कुनै कार्य गर्न वा कुनै गैरकानूनी कार्यमा पहिचान दुरुपयोग गर्नु हुदैन ।

४९. **<u>विद्युतीय प्रणालीमा अवरोध गर्न नहुने</u>** : कसैले दुराशय राखी कुनै विद्युतीय प्रणालीको कार्य सञ्चालनमा बाधा पु-याउन वा कार्य गर्न अक्षम बनाउन वा हस्तक्षेप गर्न वा विद्युतीय प्रणालीको सञ्चालनकर्ता वा प्रयोगकर्तालाई प्रणालीको सञ्चालन वा प्रयोगमा वाधा पुर्याउन, रोक लगाउन वा हस्तक्षेप गर्न हुदैन ।

## परिच्छेद–८
## <u>विद्युतीय माध्यमबाट सेवा प्रवाह सम्बन्धी व्यवस्था</u>

५०. **<u>विद्युतीय माध्यमबाट सार्वजनिक सेवा प्रदान गर्न सकिने</u>** : (१) सरकारी निकाय तथा सार्वजनिक संस्थाले आफूले प्रदान गर्ने सार्वजनिक सेवाहरु तोकिएको प्रकृया पूरा गरी विद्युतीय माध्यमबाट उपलब्ध गराउन सक्नेछन्।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका सार्वजनिक सेवाहरू सम्बन्धित निकायले तोकिएको समयावधि भित्र विद्युतीय माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमका सेवाहरू नेपाल सरकारको केन्द्रीय वेबपोर्टल मार्फत एकिकृत रुपमा प्रदान गर्न मिल्ने गरी व्यवस्था गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमका सार्वजनिक सेवा तोकिएको विद्युतीय पहिचानको आधारमा उपलब्ध गराउन सकिनेछ।

५१. **विद्युतीय माध्यमबाट सेवा प्राप्त गर्ने**: (१) सेवाग्राहीले सरकारी निकाय वा सार्वजनिक संस्थाबाट प्रदान गरिने सेवा प्राप्त गर्नका लागि सम्बन्धित सरकारी निकाय तथा सार्वजनिक संस्थामा विद्युतीय माध्यमबाट निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात तथा अन्य विवरण तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर सरकारी निकाय वा सार्वजनिक संस्थाले आवश्यक जाँचबुझ गरी माग बमोजिमको सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) यस दफा बमोजिम उपलब्ध गराइने सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **सूचना विद्युतीय स्वरूपमा राख्नुपर्ने** : (१) सरकारी निकाय वा सार्वजनिक संस्थाले आफूले श्रृजना, संकलन तथा प्राप्त गरेका सूचना विद्युतीय स्वरुपमा राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना विद्युतीय स्वरुपमा राख्दा तोकिए बमोजिमको सुरक्षा तथा गोपनीयता सम्बन्धी मापदण्ड पुरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका सूचना समयबद्धरुपमा पुनः प्रयोग गर्न मिल्ने गरी अभिलेखिकरण गर्नु पर्नेछ।

५३. **विद्युतीय स्वरुपमा प्रकाशन, अभिलेखीकरण तथा कारोबार गर्न सकिने**: (१) नेपाल सरकारले प्रचलित कानून बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्ने अध्यादेश, ऐन, नियम, गठन आदेश, सूचना वा अन्य विषयलाई विद्युतीय स्वरुपमा प्रकाशन गर्न सक्नेछ।

(२) सरकारी निकाय वा सार्वजनिक संस्था वा नेपालभित्र कारोबार गर्ने बैङ्क वा वित्तीय संस्थामा प्रचलित कानून बमोजिम राख्नु पर्ने अभिलेख तथा गरिने कारोबार विद्युतीय स्वरुप वा विद्युतीय सञ्चार माध्यमको प्रयोगबाट गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम विद्युतीय स्वरुप वा विद्युतीय सञ्चार माध्यमको प्रयोगबाट भएको प्रकाशन, अभिलेखिकरण वा कारोबारले कानूनी मान्यता प्राप्त गर्नेछ।

५४. **सूचना प्रविधि प्रणाली प्रयोग गर्नुपर्ने**: (१) सरकारी निकायले विभागको सिफारिसमा मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिमको सूचना प्रविधि प्रणालीको प्रयोग गर्नु पर्नेछ।

(२) सरकारी निकायले सूचना प्रविधि प्रणाली मार्फत सूचना खुला मानकमा संरक्षण गरी राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचना प्रविधि प्रणालीको सूचनामा सम्बन्धित सरकारी निकायको स्वामित्व हुनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको सूचना प्रविधि प्रणालीले सरकारी निकायका सूचना प्रविधि प्रणाली बीच अन्तर सञ्चालन सुनिश्चित गर्नु पर्नेछ ।

(५) सरकारी निकायले सूचना प्रविधि प्रणाली सञ्चालन गर्नु पूर्व उपदफा (१) बमोजिमको मापदण्ड अनुरुप भए नभएको परीक्षण तोकिए बमोजिम विभागबाट गराउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको मापदण्ड अनुसार प्रणालीको प्रयोग नगरेमा विभागको सिफारिसमा मन्त्रालयले सम्बन्धित सरकारी निकायको प्रमुखलाई प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि लेखि पठाउन सक्नेछ।

(७) उपदफा (१) बमोजिमको मापदण्ड प्रयोग गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. **डिजिटल हस्ताक्षर प्रयोग गर्न सक्ने**: सरकारी निकाय र सार्वजनिक संस्थाले यस ऐन बमोजिमको डिजिटल हस्ताक्षर प्रयोग गर्न सक्नेछन्।

५६. **वेबसाइट सञ्चालनमा ल्याउनुपर्ने** :(१) प्रत्येक सरकारी निकाय र सार्वजनिक संस्थाले सेवा प्रदान गर्न आफ्नो वेबसाइट सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरेको वेबसाइटको डिजाइन, विकास तथा सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ।

५७. **पृष्ठपोषण लिन सक्ने**: (१) नेपाल सरकारले कानून तर्जुमा वा नीति निर्माण गर्दा आवश्यकता अनुसार विद्युतीय माध्यमबाट सर्वसाधारणको पृष्ठपोषण लिन सक्नेछ।

(२) प्रदेश सरकार तथा स्थानीय तहले कुनै निर्णय वा कानून निर्माण गर्ने प्रक्रियामा सर्वसाधारणको राय वा अभिमत लिन आवश्यक ठानेमा विद्युतीय माध्यमबाट लिन सक्नेछन्।

## परिच्छेद-९
## डोमेन नाम दर्ता तथा व्यवस्थापन

५८. **डोमेन नाम दर्ता गर्नु पर्नेः** (१) कुनै व्यक्ति वा संस्थाले एन पी डोमेनमा नाम दर्ता गराउँदा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको संस्थामा तोकिए बमोजिमको दस्तुर बुझाई दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको डोमेन नाम अरु कसैले प्रयोग गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम दर्ता भएका डोमेन नामहरुसँग झुक्किने किसिमले मिल्दोजुल्दो हुने गरी डोमेन नाम दर्ता गर्न वा गराउन हुँदैन ।

(४) सरकारी निकायले आफ्नो कार्यालयको डोमेन नाम गभर्मेन्ट डट एन पी अन्तर्गत दर्ता गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम दर्ता भएको डोमेन नाम प्रत्येक दुई वर्षमा तोकिए बमोजिमको दस्तुर बुझाई नविकरण गर्नु पर्नेछ।

(६) डोमेन नाम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५९. **डोमेन नाम सुरक्षित रहने :**(१) देहाय बमोजिमका नाम दोश्रो र तेश्रो तहका डोमेन नामको लागि सुरक्षित रहनेछन्ः—

(क) प्रचलित कानून बमोजिम कुनै कम्पनीको नाममा दर्ता गरिएको ट्रेडनाम,
(ख) भौगोलिक तथा पर्यटकीय स्थलहरुको नाम,
(ग) पुरातत्विक तथा धार्मिक महत्वका नाम,
(घ) राष्ट्रियरुपमा ख्याति प्राप्त व्यक्तिका नाम,
(ङ) सरकारी संस्थाहरुको नाम,
(च) अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको नाम,
(छ) नेपाल सरकारले तोकेका अन्य नाम।

(२) उपदफा (१) बमोजिमका डोमेन नामहरु खण्ड (क), (घ) र (ङ) बमोजिमका नामहरु सम्बन्धित संस्थाको प्रयोगमा मात्र र अन्यको हकमा नेपाल सरकारले तोकेको निकायको स्वीकृति लिई प्रयोग गर्न पाईनेछ।

(३) उपदफा (१) बमोजिमका सुरक्षित नामहरुसँग बाझिने किसिमले मिल्दोजुल्दो वा उक्त नामको महत्वलाई अवमुल्यन गर्ने किसिमले डोमेन नाम दर्ता गर्न वा गराउन हुँदैन ।

६०. **अन्य डोमेन नामको प्रयोग**ः यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राष्ट्र भाषामा डोमेन नाम दर्ता तथा प्रयोग गर्न बाधा पुगेको मानिने छैन ।

६१. **आवश्यक निर्देशन दिन सक्नेः** डोमेन नामको सञ्चालनलाई भरपर्दो र सुरक्षित बनाउनको लागि मन्त्रालयले डोमेन नाम प्रणाली सञ्चालकलाई आवश्यक निर्देशन दिन सक्नेछ।

६२. **अनाधिकृत रुपमा डोमेन नाम प्रणाली सञ्चालन गर्न नहुने**ः कसैले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम विपरित अनाधिकृत रुपले डोमेन नाम प्रणाली सञ्चालन गर्न वा गराउन हुदैन।

## परिच्छेद-१०

## सूचना प्रविधि सम्बन्धी उद्योग र व्यवसाय सम्बन्धी व्यवस्था

६३. **सूचना प्रविधि सम्बन्धी उद्योग वा व्यवसायको दर्ताको जानकारीः** प्रचलित कानून बमोजिम सूचना प्रविधि सम्बन्धी उद्योग वा व्यवसायको दर्ता भएपछि दर्ता गर्ने निकायले सोको जानकारी विभागलाई दिनु पर्नेछ।

६४. **स्वीकृत मापदण्डका उपकरण मात्र पैठारी एवं विक्रि वितरण गर्नु पर्नेः** (१) सूचना प्रविधि सम्बन्धी तोकिए बमोजिमका उपकरणहरु स्वीकृत मापदण्डका मात्र पैठारी एवं विक्रि वितरण गर्न पाइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका उपकरण अनुमति लिएर मात्र प्रयोग गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको मापदण्ड, उपकरणहरुको गुणस्तर, आयु र सुरक्षाको आधारमा स्वीकृत गर्ने प्रकृया र ई-वेष्ट व्यवस्थापन सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ।

६५. **अनुमति नलिई उपकरणको प्रयोग गर्न नहुनेः** कसैले यस परिच्छेद बमोजिम अनुमति नलिई वा अनुमति लिएको अवधि भन्दा बढी अवधि सूचना प्रविधि सम्बन्धी उपकरणको प्रयोग गर्न वा प्रयोगको लागि अरु कसैलाई उपलव्ध गराउनु हुदैन।

६६. **मापदण्ड बाहेकका उपकरण पैठारी एवं विक्रि वितरण गर्न नहुनेः** कसैले यस परिच्छेद बमोजिम स्वीकृति नलिई सूचना प्रविधि सम्बन्धी उपकरणहरु पैठारी एवं विक्रि वितरण गर्नु हुदैन।

## परिच्छेद-११

## सूचना सुरक्षा तथा गोपनियता सम्बन्धी व्यवस्था

६७. **वैयक्तिक विवरणको संकलन गर्न नहुनेः** (१) प्रचलित कानून बमोजिम बाहेक कसैले पनि विद्युतिय स्वरुपमा रहेको कसैको वैयक्तिक विवरण संकलन गर्न हुँदैन ।

(२) कसैको वैयक्तिक विवरण संकलन गर्नु परेमा सो विवरण कुन प्रयोजनको लागि आवश्यक परेको हो सोको जानकारी सम्बन्धित व्यक्तिलाई अनिवार्य रुपमा गराउनु पर्नेछ।

(३) सूचना प्रविधि प्रणालीमा रहेका कुनै व्यक्तिको वैयक्तिक विवरण संकलन गर्दा खुलाईएको प्रयोजन बाहेक अन्य प्रयोजनका लागि प्रयोग, प्रसार तथा आदान प्रदान गर्न पाईने छैन।

तर, सम्बन्धित व्यक्तिको स्वीकृतिमा वा प्रचलित कानून बमोजिम अन्य प्रयोजनका लागि प्रयोग, प्रसार तथा आदान प्रदान गर्न बाधा पर्ने छैन ।

(४) कुनै खास प्रयोजनका लागि कानून बमोजिम संकलन तथा संचय गरिएको वैयक्तिक सूचना संकलन तथा संचयको प्रयोजन समाप्त भएको तीस दिनभित्र सम्बन्धित व्यक्तिलाई प्रत्याभूत हुने गरी नष्ट गरिसक्नु पर्नेछ ।

६८. **सूचना सुरक्षाको प्रत्याभुत गर्नुपर्नेः** (१) विद्युतीय स्वरुपमा रहेका सूचनाको आदान प्रदान, प्रशोधन तथा संचय गर्दा प्रशोधनकर्ता, संचयकर्ता र सेवा प्रदायकले गोपनियता, र अक्षुण्णता कायम रहने गरी गर्नु पर्नेछ ।

(२) सरकारी, सार्वजनिक, वित्तीय तथा स्वास्थ्य सम्बन्धी निकायहरुले तोकिएको विवरण अनिवार्य रुपमा तोके अनुसार इन्क्रिप्सन गरी सुरक्षित राख्नु पर्नेछ।

(३) सरकारी, सार्वजनिक, वित्तीय तथा स्वास्थ्य सम्बन्धी निकायले तोकिएको विवरणहरु प्रशोधन, सम्प्रेषण तथा भण्डारण गर्दा सूचना नेपाल बाहिर नजाने गरी सुरक्षित गर्नु पर्नेछ ।

(४) सूचना सुरक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६९. **सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्नेः** सरकारी निकायले कम्प्युटर तथा सूचना प्रणालीको प्रयोग गर्दा मन्त्रालयले तोकेको सुरक्षा मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।

७०. **सुरक्ष ा पर ीक्षण गर्नुपर्नेः** सरकारी निकाय, सार्वजनिक संस्था र वित्तीय तथा स्वास्थ्य सम्बन्धी सूचना प्रयोग गर्ने संस्थाहरुले अनिवार्य रुपमा आफूले प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको तोकिए बमोजिमको अवधिमा सुरक्षा पर ीक्षण गराउनु पर्नेछ ।

**७१. तथ्याङ्क केन्द्र तथा क्लाउड सेवा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) नेपालभित्र तथ्याङ्क केन्द्र तथा क्लाउड सेवा सञ्चालन गर्न चाहने संस्थाले तोकिएको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई विभागमा निवेदन दिई इजाजतपत्र लिनु पर्नेछ।

तर, कुनै संस्थाले आफ्नो निजी प्रयोजनको लागि मात्र सञ्चालन गर्ने तथ्याङ्क केन्द्र तथा क्लाउड सेवाको लागि इजाजतपत्र लिनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिम इजाजत प्रदान गर्दा विभागले तथ्याङ्क केन्द्र तथा क्लाउड सेवा प्रदायकले मन्त्रालयले तोकेको मापदण्ड पूरा गरे नगरेको परीक्षण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त संस्थाको अनुगमन वर्षको कम्तीमा दुई पटक विभागले गर्नु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका तथ्याङ्क केन्द्र तथा क्लाउड सेवा प्रदायकहरुले यस ऐन लागू भएको एक वर्षभित्र यस दफा बमोजिमको इजाजत लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको इजाजतपत्र प्रत्येक बर्ष नविकरण गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम इजाजतपत्र प्रदान गर्ने तथा नविकरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७२. **तथ्याङ्क केन्द्र वा क्लाउडमा कम्प्युटर प्रणाली राख्नु पर्नेः** (१) सरकारी निकायले कम्प्युटर तथा सूचना प्रणाली यस ऐनको दफा ७१ बमोजिम इजाजतपत्र प्राप्त तथ्याङ्क केन्द्र तथा क्लाउडमा राखी सञ्चालन गर्न सक्नेछ ।

(२) तथ्याङ्क केन्द्र वा क्लाउडमा कम्प्युटर प्रणालीहरु राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७३.** **<u>इजाजत नलिई तथ्याङ्क केन्द्र वा क्लाउड सेवा सञ्चालन गर्न नहुने</u>**: कसैले यस ऐन बमोजिम इजाजत नलिई तथ्याङ्क केन्द्र वा क्लाउड सेवा सञ्चालन गर्न हुदैन ।

**७४.** **<u>सूचना सुरक्षण अधिकृत तोक्नु पर्ने</u>** (१) नेपाल सरकारको प्रत्येक मन्त्रालय, आयोग, सचिवालय र विभागमा कम्तीमा एक जना सूचना सुरक्षण अधिकृतको व्यवस्था गरी जिम्मेवारी तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना सुरक्षण अधिकृत सम्बन्धी योग्यता तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७५.** **<u>विद्युतीय स्वरुपको सूचनालाई क्षति पुर्‍याउन, अवरोध गर्न नहुने</u>**: (१) कसैले दुराशय राखी वा गलत मनसाय राखी कसैको स्वामित्व वा नियन्त्रणमा रहेको विद्युतीय स्वरुपको सूचनालाई अनाधिकृत रुपमा मेटाउन, नष्ट गर्न, हेरफेर गर्न, बिगार्न, बुझ्न नसकिने गरी परिवर्तन गर्न वा अर्थहिन , प्रयोगहिन वा निष्प्रभावी गराउन हुदैन।

(२) कसैले दुराशय राखी वा गलत मनसाय राखि कसैको स्वामित्व वा नियन्त्रणमा रहेको विद्युतीय स्वरुपको सूचनाको प्रयोगलाई अनाधिकृत रुपमा बाधा पुर्याउन, रोक लगाउन वा आधिकारीक व्यक्तिलाई सूचनामा पहुँच दिन ईन्कार गर्न हुदैन।

७६.**<u>गोपनीयता भङ्ग गर्न नहुने</u>**: (१) कसैले पनि कानून बमोजिम वाहेक विद्युतीय माध्यमबाट कसैको व्यैयेक्तिक विवरण वा सूचना, जानकारी, पत्राचार अनधिकृत रूपमा प्राप्त गर्न, त्यसको गोपनीयता भङ्ग गर्न वा अनधिकृत रूपमा कसैलाई उपलब्ध गराउन हुँदैन।

(२) कसैले पनि कुनै दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीचमा विद्युतीय माध्यमबाट भएका कुनै संवाद वा कुराकानी सम्बन्धित व्यक्तिहरूले मञ्जुरी दिएको वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीले आदेश दिएकोमा बाहेक कुनै यान्त्रिक उपकरणको प्रयोग गरी सुन्न वा त्यस्तो कुराको ध्वनि अङ्कन वा रेकर्ड गर्न वा गराउन हुँदैन।

तर,

(१)सार्वजनिक रूपमा गरिएको भाषण वा वक्तव्यको हकमा यस उपदफाको व्यवस्था लागू हुने छैन।

(२)प्रचलित कानून बमोजिमको अवस्थामा कुनै पनि सूचना, जानकारी वा पत्राचार सुन्न, ध्वनि अङ्कन वा रेकर्ड गर्न वा गराउन सकिनेछ।

७७.**<u>विद्युतीय प्रणालीको श्रोत सङ्केतको नष्ट र परिवर्तन गर्न वा चोरी गर्न नहुने:</u>** (१) कसैले विद्युतीय प्रणालीमा प्रयोग हुने श्रोत सङ्केत चोरी गर्न, अनाधिकृत रुपमा नष्ट गर्न वा परिवर्तन गर्न हुदैन।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि "श्रोत सङ्केत" भन्नाले कम्प्युटर कार्यक्रमहरुको सूचीकरण, कम्प्युटर निर्देशन, कम्प्युटर डिजाइन र कम्प्युटर लेआउट तथा कम्प्युटर सम्पदाको जुनसुकै स्वरुपमा रहेको कार्यक्रम विश्लेषणलाई सम्झनु पर्छ ।

(२) कसैले विद्युतीय प्रणालीमा प्रयोग हुने श्रोत सङ्केत चोरीको हो भन्ने जानी जानी खरिद तथा विक्रि गर्न हुदैन ।

७८. **विद्युतीय प्रणालीमा रहेको सूचनाको चोरी गर्न नहुने:** (१) कसैले विद्युतीय प्रणालीमा रहेको सूचना चोरी गर्न हुदैन ।

(२) कसैले विद्युतीय प्रणालीमा रहेको सूचना चोरीको हो भन्ने जानी जानी खरिद तथा विक्रि गर्न हुदैन ।

## परिच्छेद-१२

## साइबर सुरक्षा सम्बन्धी व्यवस्था

७९. **संवेदनशील पूर्वाधार तोक्न सक्ने:** (१) नेपाल सरकारले कुनै पनि राष्ट्रिय सुरक्षा, अर्थव्यवस्था, अत्यावश्यक सेवा, आकस्मिक सेवा, स्वास्थ्य वा सार्वजनिक सुरक्षा समेतमा गम्भिर असर पुर्याउन सक्ने सूचना तथा सञ्चार पूर्वाधारहरुलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संवेदनशील पूर्वाधार तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संवेदनशील पूर्वाधार सम्बन्धी सुरक्षाको जिम्मेवार निकाय र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८०. **नेपाल सूचना प्रविधि आकस्मिक सहायता समूह:** (१) साइबर सुरक्षा सम्बन्धी घटनामा तत्काल सहायताका लागि मन्त्रालयमा तोकिए बमोजिमको एक नेपाल सूचना प्रविधि आकस्मिक सहायता समूह रहनेछ।

(२) नेपाल सूचना प्रविधि आकस्मिक सहायता समूहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय सुरक्षा, अर्थव्यवस्था, अत्यावश्यक सेवा, आकस्मिक सेवा, स्वास्थ्य वा सार्वजनिक सुरक्षासँग सम्बन्धित सरकारी निकाय तथा सार्वजनिक संस्थाको सूचना प्रविधि प्रणाली मानवीय तथा दैवी कारणले हानी नोक्सानी पुगी सञ्चालन बन्द भएमा यथाशिध्र सो प्रणालीलाई पुनः सञ्चालनमा ल्याउन सहायता गर्ने,

(ख) नेपालभित्र रहेका कुनै सूचना प्रविधि प्रणालीमा हुन सक्ने सम्भावित क्षति वा आक्रमण सम्बन्धमा पूर्व सूचना जारी गर्ने,

(ग) समान प्रकृतिका काम गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुको सम्पर्क विन्दुको रुपमा काम गर्ने,

(घ) नेपाल सरकारले तोकेका अन्य काम गर्ने।

(३) उपदफा (१) बमोजिमको नेपाल सूचना प्रविधि आकस्मिक सहायता समूहले उपदफा (२) को खण्ड (क) को कार्य गर्न सार्वजनिक निकायको कम्प्युटर तथा सूचना प्रणालीमा पहुँच पुर्याउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको नेपाल सूचना प्रविधि आकस्मिक सहायता समूहलाई उपदफा (२) को खण्ड (क) बमोजिमको कार्य गर्न असहयोग गर्ने कर्मचारीलाई मन्त्रालयले विभागीय सजायको लागि सम्बन्धित निकाय समक्ष सिफारीस गर्न सक्नेछ र निजी व्यक्ति तथा संस्थाहरुको हकमा सम्बन्धित व्यक्ति तथा संस्थाले प्रदान गरेको सेवा रोक्काको लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

(५) नेपाल सूचना प्रविधि आकस्मिक सहायता समूह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८१. **उपकरण प्रयोग गर्नु पूर्व अनुमति लिनु पर्नेः** (१) कसैले देहाय बमोजिमका उपकरणहरु प्रयोग गर्नु पूर्व मन्त्रालयबाट अनुमति लिनु पर्नेछः—

(क) विद्युतीय प्रणाली संरक्षणको लागि डिजाइन गरिएको र कसूरजन्य कार्यका लागि प्रयोग हुनसक्ने कुनै सफ्टवेयर, विद्युतीय प्रणाली वा विद्युतीय उपकरण,

(ख) कुनै पनि विद्युतीय प्रणाली वा तथ्यांकमा पूर्ण वा आंशिक पहुँच सम्भव तुल्याउने कुनै पनि किसिमको पासवर्ड, एक्सेस कोड वा त्यस्तै तथ्याङ्क।

(२) उपदफा (१) बमोजिमको अनुमति लिन सम्बन्धित व्यक्तिले कस्तो उपकरण, कुन प्रयोजनको लागि र कति समयावधिसम्म प्रयोग गर्न खोजेको हो सो विषय स्पष्ट खुलाई मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमति प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८२. **विद्युतीय विधि विज्ञान प्रयोगशाला सम्बन्धी व्यवस्थाः** (१) कुनै कसूरजन्य गतिविधिको अनुसन्धान तथा प्रमाण संकलनको लागी विद्युतीय विधि विज्ञान प्रयोगशाला सम्बन्धी कार्य गर्न नियन्त्रकको कार्यालयमा एक प्रयोगशाला रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय विधि विज्ञान प्रयोगशाला सञ्चालन गर्न तोकिएको मापदण्ड पूरा गरेका सरकारी निकायले मन्त्रालयको अनुमति लिई सञ्चालन गर्न सक्नेछन्।

(३) विद्युतीय विधि विज्ञान प्रयोगशाला सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८३.**साइबर बुलिङ्ग गर्न नहुनेः** कसैले विद्युतीय प्रणालीको प्रयोग गरी अर्को व्यक्तिलाई निरन्तररुपमा हैरानी गर्ने, जिस्क्याउने, होच्याउने, हतोत्साहीत गर्ने, अपमान गर्ने वा हप्काउने जस्ता कार्य गर्न गराउन हुदैन।

८४.**साइबर आतंक गर्न नहुनेः** कसैले विद्युतीय प्रणालीको प्रयोग गरी नेपालको राष्ट्रिय सुरक्षा, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा सङ्घीय इकाईबिचको सुसम्बन्ध

खलल पार्ने वा मुलुकको सुरक्षा वा तथ्यांक प्रणालीमा अवरोध सृजना गर्ने वा प्रतिकूल असर पार्ने कुनै कार्य गर्न वा गराउन हुदैन ।

८५.**यौनजन्य दुर्व्यवहार गर्न नहुनेः** कसैले पनि विद्युतीय प्रणाली मार्फत कसैलाई प्रचलित कानून बमोजिम यौनजन्य दुर्व्यवहार मानिने कुनै कार्य गर्न वा सोको लागि कसैलाई अनुचित प्रलोभनमा पार्ने वा धम्की दिने जस्ता कनै कार्य गर्न वा गराउन हुँदैन ।

८६. **अश्लिल सामाग्री उत्पादन, संकलन, वितरण, प्रकाशन, प्रदर्शन, प्रसार वा खरिद विक्रि गर्न वा गराउन नहुनेः** कसैले विद्युतीय प्रणालीको माध्यमबाट कुनै अश्लिल सामग्रीको उत्पादन, संकलन गर्न, उपलव्ध रहेको जानकारी संप्रेषण गर्न, देखाउन, वितरण गर्न, प्रकाशन गर्न, प्रदर्शन गर्न, प्रसार गर्न वा विक्रि गर्न वा संचय गर्न हुदैन।

तर, कुनै व्यक्तिले कुनै अनुसन्धान, कानुन कार्यन्वयन, अध्यापन वा चिकित्सकीय प्रयोजनको लागि बाल यौनजन्य सामग्रीको संप्रेषण, प्राप्ति, वा संचय गरेको यथोचित रुपमा पुष्टि गरेमा र त्यस्तो उद्देश्य पूरा हुनासाथ त्यस्ता सामग्री मेटाएमा यस दफा बमोजिमको कसूर मानिने छैन ।

८७. **प्रलोभनमा पार्न नहुनेः** कसैले विद्युतीय प्रणालीको माध्यमबाट वा सो प्रणालीको उपयोग गरेर कसैलाई यौन शोषण गर्ने वा ठगी गर्ने वा अरु कुनै गैरकानूनी कार्य गर्ने मनसाय राखी कुनै प्रस्ताव राख्न, प्रलोभन पार्न, भेट्न, वा कुनै गैरकानूनी गतिविधिमा लाग्न उक्साउन वा  सो को लागि  अनलाईन सम्बन्ध स्थापित गर्न प्रस्ताव गर्न हुदैन।

८८. **विद्युतीय प्रणालीको दुरुपयोग गर्न नहुने**ः (१) कसैले विद्युतीय माध्यमको प्रयोग गरी नेपालको सार्वभौमसत्ता, भौगोलिक  अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा सङ्घीय इकाईबिचको सुसम्बन्ध खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायीक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्ने वा बिभिन्न जात, जाती वा सम्प्रदायविचको  सम्बन्ध खलल गर्नु वा गराउनु हुदैन

(२) कसैले विद्युतीय माध्यमको प्रयोग जातीय  भेदभाव वा छुवाछुतलाई दुरुत्साहन दिने,श्रमपति अवहेलना गर्ने, अपराध गर्न दुरुत्साहन गर्ने ,शान्ति सुरक्षा भङ्ग हुने कार्यलाई बढावा दिने वा प्रचलित कानून बमोजिम प्रकाशन वा प्रसारण गर्न रोक लगाएको कुरा प्रशारण वा संप्रेषण गर्ने वा सार्वजनिक सदाचार  र नैतिकताको प्रतिकुल हुने कुनै कार्य गर्न वा गराउन हुदैन।

(३) कसैले मानव बेचविखन तथा अपहरण वा लागू औषध विक्रि वितरण वा प्रचलित कानूनले अपराधको रुपमा निषेध गरेको कार्य गर्न वा गराउन विद्युतीय प्रणालीको प्रयोग गर्न हुँदैन ।

(४) कसैले प्रचलित कानुनले विक्री तथा वितरण गर्न निषेध गरेको सामाग्री विक्री गर्न वा सो सम्बन्धमा विज्ञापन प्रकाशन, प्रशारण वा प्रदर्शन गर्न विद्युतीय प्रणालीको प्रयोग गर्न हुँदैन।

## परिच्छेद-१३

## सेवा प्रदायक सम्बन्धी व्यवस्था

८९. **सेवा प्रदायकले दायित्व व्यहोर्नु नपर्नेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सेवा प्रदायकले कुनै तेस्रो पक्षको सूचना वा तथ्याङ्क वा लिंकमा पहुँच उपलब्ध गराएको कारणबाट मात्र उक्त सूचना वा तथ्याङ्क वा लिंकमा उल्लेख वा समावेश भएको कुनै तथ्य वा विवरणको सम्बन्धमा उत्पन्न हुने कुनै फौजदारी दायित्व व्यहोर्नु पर्ने छैनः-

(क) सेवा प्रदायक सूचना, तथ्याङ्क वा लिंकमा पहुँच पुर्याउने कार्यमा मात्र सिमित रहेको भएमा,

(ख) सेवा प्रदायकले आफै प्रसारण नगरेको, प्रसारणको उपभोगकर्ता आफैं चयन नगरेको र प्रसारणमा रहेको सूचना छनौट तथा परिवर्तन नगरेको भएमा,

(ग) सेवा प्रदायकले निजको प्रणालीमा भण्डारण गरेको कुनै खास सूचना गैह्रकानूनी रहेको भनी कुनै सार्वजनिक निकाय वा अदालतबाट त्यस्तो सूचना सामग्री हटाउन वा त्यस्ता सूचनामा पहुँच निष्क्रिय पार्न प्राप्त आदेश बमोजिम सेवा प्रदायकले सूचना सामग्री यथाशिघ्र हटाएमा वा पहुँच निष्क्रिय बनाएमा,

(घ) सेवा प्रदायकले नियामक निकायको सम्बन्धित निर्देशनहरु पालना गरेको भएमा ।

तर, कुनै सूचना, तथ्याङ्क वा लिंकमा उल्लेख वा समावेश भएको कुनै तथ्य वा विवरणले प्रचलित कानूनको उल्लंघन गरेमा, जानिजानि वा कुनै गैरकानूनी कार्य गर्न सेवा प्रदायक आफैंले दुरुत्साहन वा सहयोग गरेमा सेवा प्रदायक आफ्नो दायित्वबाट मुक्त हुने छैन ।

९०. **तथ्याङ्क सुरक्षित राख्नु पर्नेः** सेवा प्रदायकले सेवा प्रयोग सम्बन्धी तोकिए बमोजिमका विवरणहरु तोकिएको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

## परिच्छेद-१४

## सामाजिक सञ्जाल सम्बन्धी व्यवस्था

९१. **सामाजिक सञ्जाल दर्ता र नियमनः** (१) सामाजिक सञ्जाल सञ्चालन गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम विभागमा दर्ता गर्नु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल तोकिएको समयभित्र विभागमा दर्ता हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नेपालमा दर्ता नभएको व्यक्तिले सञ्चालन गरेको सामाजिक सञ्जालको प्रयोगमा नेपाल सरकारले रोक लगाउन सक्नेछ।

(४) सामाजिक सञ्जालको दर्ता तथा नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९२. **निर्देशन दिन सक्ने :** कसैले यस ऐन बमोजिमको कसूर ठहरिने विषयवस्तु सामाजिक सञ्जालमा सम्प्रेषण गरेको वा गर्न लागेको विषयमा विभागले त्यस्तो विषयवस्तु वा सूचना हटाउन तत्काल सम्बन्धित सामाजिक सञ्जाल सञ्चालकलाई निर्देशन दिन सक्नेछ।

९३. **सामाजिक सञ्जालको प्रयोग** : (१) सरकारी निकायले आफ्ना सूचना सामाजिक सञ्जाल मार्फत प्रदान गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सामाजिक संजालको प्रयोग तोकिए बमोजिम गर्नु पर्नेछ।

९४. **सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुनेः** (१) कसैले पनि सामाजिक सञ्जालको प्रयोग गरी देहायको कुनै कार्य गर्न वा गर्न लगाउन हुँदैनः—

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हित वा सङ्घीय इकाईबिचको सुसम्बन्ध खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायीक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्न वा गराउन वा त्यस्तो गर्ने उद्योग गर्न वा दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने षडयन्त्र गर्न वा विभिन्न जात, जाति वा सम्प्रदायबिचको सुसम्बन्धमा खलल पार्नेजस्ता विषय सम्प्रेषण गर्ने,

(ख) जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन दिने,श्रमपति अवहेलना गर्ने, अपराध गर्न दुरुत्साहन गर्ने ,शान्ति सुरक्षा भङ्ग हुने कार्यलाई बढावा दिने वा प्रचलित कानून बमोजिम प्रकाशन वा प्रसारण गर्न रोक लगाएको कुरा प्रशारण वा संप्रेषण गर्ने वा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकुल हुने कुनै कार्य गर्न वा गराउने,

(ग) कुनै व्यक्तिलाई जिस्क्याउने, झुक्याउने, होच्याउने, हतोत्साही गर्ने, हप्काउने, घृणा तथा द्वेष उत्पन्न गराउने वा प्रापकलाई भ्रमित पार्ने आशयले सन्देश सम्प्रेषण गर्ने,

(घ) प्रचलित कानुनले विक्री तथा वितरण गर्न निषेध गरेको सामाग्री विक्री गर्न वा सो सम्बन्धमा विज्ञापन प्रकाशन, प्रशारण वा प्रदर्शन गर्ने,

(ङ) विना तथ्य वा आधार कसैको चरित्र हत्या गर्ने उदेश्यले वा प्रचलित कानून बमोजिम गालि बेईजति मानिने कुनै कार्य गर्ने,

(च) यस ऐन विपरित अन्य कुनै कार्य गर्ने ।

(२) उपदफा (१) मा उल्लेखित कार्यसँग सम्बन्धित विषय सामाजिक सञ्जालमा सम्प्रेषण भएको अवस्थामा त्यस्तो विषय तत्कालै हटाउन वा हटाउन लगाउनका लागि विभागले सामाजिक सञ्जाल संचालकलाई निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिम निर्देशन प्राप्त भएमा सो बमोजिमको कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धित सामाजिक सञ्जाल संचालकको हुनेछ ।

## परिच्छेद-१५

## कसूर तथा सजाय

९५. **कसूर गरेको मानिने**: कसैले देहायको कुनै कार्य गरे गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ;-

(क) दफा १२ विपरितको कार्य,

(ख) दफा १३ विपरितको कार्य,

(ग) दफा १४ विपरितको कार्य,

(घ) दफा १५ विपरितको कार्य,

(ङ) दफा ३५ विपरितको कार्य,

(च) दफा ३६ विपरितको कार्य,

(छ) दफा ३७ बिपरितको कार्य,

(ज) दफा ४३ विपरितको कार्य,

(झ) दफा ४८ विपरितको कार्य,

(ञ) दफा ४९ विपरितको कार्य,

(ट) दफा ५९ को उपदफा (३) विपरितको कार्य,

(ठ) दफा ६२ विपरितको कार्य,

(ड) दफा ६५ विपरितको कार्य,

(ढ) दफा ६६ विपरितको कार्य,

(ण) दफा ६७ विपरितको कार्य,

(त) दफा ७३ विपरितको कार्य,

(थ) दफा ७५ विपरितको कार्य,

(द) दफा ७६ विपरितको कार्य,

(ध) दफा ७७ विपरितको कार्य,

(न) दफा ७७ विपरितको कार्य,

(प) दफा ७८ विपरितको कार्य,

(फ) दफा ८३ विपरितको कार्य,

(ब) दफा ८४ विपरितको कार्य,

(भ) दफा ८५ विपरितको कार्य,

(म) दफा ८६ विपरितको कार्य,

(य) दफा ८७ विपरितको कार्य,

(र) दफा ८८ विपरितको कार्य,

(ल) दफा ९४ विपरितको कार्य ।

९६. **<u>सजाय</u>**ः दफा ९५ बमोजिमको कसूरमा देहाय बमोजिमको सजाय हुनेछ;-

(१) दफा १२ को कसूरमा कसुरदारलाई कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

तर विद्युतिय अभिलेख वा विद्युतिय लिखतको किर्ते गरे गराएको भएमा प्रचलित कानून बमोजिम किर्तेमा हुने सजाय हुनेछ ।

(२) दफा १३ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्ष सम्म कैद सजाय वा दुवै सजाय हुनेछ ।

(३) दफा १४ को कसूरमा कसुरदारलाई कसूरको मात्रा हेरी तीन लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) दफा १५ को कसूरमा कसुरदारलाई  कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(५) दफा ३५ को कसूरमा  कसुरदारलाई कसूरको मात्रा हेरी तीन लाख रुपैयाँसम्मव जरिवाना वा दुई बर्षसम्म कैद  वा दुबै सजाय हुनेछ ।

(६) दफा ३६ को कसूरमा कसुरदारलाई  कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्ष सम्म कैद सजाय वा दुवै सजाय हुनेछ ।

(७) दफा ३७ को कसूरमा कसूरदारलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(८) दफा ४३ को कसूरमा कसुदारलाई कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्ष सम्म कैद सजाय वा दुवै सजाय हुनेछ ।

(९) दफा ४८ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्ष सम्म कैद सजाय वा दुवै सजाय हुनेछ ।

(१०) दफा ४९ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी तीन लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद सजाय वा दुवै सजाय हुनेछ ।

(११) दफा ५९ को उपदफा (३) विपरितको कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी पाँच लाखसम्म जरिवाना हुनेछ।

(१२) दफा ६२ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँ सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(१३) दफा ६५ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँ सम्म जरिवाना हुनेछ ।

(१४) दफा ६६ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी दश लाख रुपैंयासम्म जरिवाना गरी त्यस्ता उपकरणहरु जफत गरिनेछ।

(१५) दफा ६७ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्मको कैद वा दुवै सजाय हुनेछ।

(१६) दफा ७३ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी दश लाख रुपैयाँ सम्म जरिवाना हुनेछ ।

(१७) दफा ७५ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी दश लाख रुपैयाँ सम्म जरिवाना वा पाँच वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ।

(१८) दफा ७६ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(१९) दफा ७७ को उपदफा (१) को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी दश लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२०) दफा ७७ को उपदफा (२) को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी दश लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(२१) दफा ७८ को उपदफा (१) को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी दश लाख रुपैयाँसम्म जरिवाना वा तिन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२२) दफा ७८ को उपदफा (२) को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी पन्ध्र लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(२३) दफा ८३ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी दश लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२४) दफा ८४ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२५) दफा ८५ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी तीस हजार रुपैंयासम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

तर बालबालिका विरुद्द कसूर भएकोमा कसूरको मात्रा हेरी थप पच्चीस प्रतिशत सजाय हुनेछ।

(२६) दफा ८६ को कसूरमा कसूरदारलाई दश लाख रुपैयासम्म जरिवाना वा तिन बर्षसम्म कैद वा दुबै सजाय हुनेछ।

(२७) दफा ८७ को कसूरमा कसूरदारलाई कसूरको मात्रा हेरी दश लाख रुपैंयासम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

(२८) दफा ८८ को उपदफा (१) को कसूरमा कसूरदारलाई प्रचलित कानून बमोजिम राज्य विरुद्दको अपराधमा हुने सजाय हुनेछ ।

(२९) दफा ८८ को उपदफा (२), (३) वा (४) को कसूरमा कसूरदारलाई पन्धलाख रुपेयासम्म जरिवाना वा पाँच बर्षसम्म कैद वा दुबै सजाय हुनेछ।

तर यस उपदफामा उल्लिखित सजाय भन्दा प्रचलित कानूनमा बढी सजाय हुने रहेछ भने प्रचलित कानुन बमोजिम हुने सजाय हुनेछ ।

(३०) दफा ९४ को उपदफा (१) को खण्ड (क) को कसूरमा कसूरदारलाई प्रचलित कानून बमोजिम राज्य विरुद्दको अपराधमा हुने सजाय हुनेछ ।

(३१) दफा ९४ को उपदफा (१) को खण्ड (ख) (ग) (घ)वा (ङ) को कसूरमा कसूरदारलाई दफा ९६ को उपदफा (२९) बमोजिमको सजाय हुनेछ ।

(३२) दफा ९४ को उपदफा (३) को निर्देशन पालना नगर्ने ब्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

९७. **कसूर गर्न दुरुत्साहन**ः कसैले यस ऐन बमोजिमको कुनै कसूर गर्न कसैलाई दुरुत्साहन गरेमा वा त्यस्तो कसूर गर्न उद्योग गरेमा वा षडयन्त्रमा संलग्न भएमा त्यस्तो व्यक्तिलाई मुख्य कसूरदारलाई भए सरहको सजाय बराबरको सजाय हुनेछ ।

९८. **मतियारलाई सजायः** यस ऐन बमोजिमको कुनै कसूर गर्न सघाउने वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई भएको सजायको आधा सजाय हुनेछ ।

९९. **सङ्गठित संस्थाबाट भएको कसूरः** कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यस ऐन वा कानून बमोजिम कसूर मानिने कुनै काम गरेको वा गराएकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्ता काम गर्ने सम्बन्धित धनी वा हिस्सेदारहरु र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नु पर्नेछ ।

१००. **प्रचलित कानून बमोजिम सजाय गर्न बाधा नपर्नेः** यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै काम अन्य कुनै प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर उपर छुटै कारबाही चलाई सजाय गर्न यस ऐनले बाधा पुर्‍याएको मानिने छैन ।

तर एकै कसूरमा एक भन्दा बढी सजाय हुने छैन।

१०१. **<u>क्षतिपूर्ति भराउनु पर्ने</u>** : यस ऐन बमोजिम कसूर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानि, नोक्सानी, हैरानी वा क्षति भएको रहेछ भने त्यस्तो हानि, नोक्सानी, हैरानी वा क्षतिको क्षतिपूर्ति सम्बन्धित कसूरदारबाट भराई दिनु पर्नेछ ।

१०२. **<u>नेपाल सरकार वादी हुने</u>**: (१) यस ऐन बमोजिमको कसूरसँग सम्बन्धित मुद्दामा नेपाल सरकार वादी हुनेछ।

(२) उपदफा (१) बमोजिमको मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची–१ मा समावेश भएको मानिनेछ।

१०३. **<u>मुद्दा हेर्ने अधिकारी</u>**: यस ऐन बमोजिमको कसूरसँग सम्बन्धित मुद्दाको कारवाहि र किनारा गर्ने अधिकार दफा ११५ बमोजिमको अदालतलाई हुनेछ ।

१०४. **<u>पुनरावेदन लाग्ने</u>**: (१) अदालतले गरेको निर्णय वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश वा निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उच्च अदालतले पुनरावेदन सुन्नको लागि सूचना प्रविधि सम्बन्धी विशेष इजलास तोक्नु पर्नेछ।

## परिच्छेद-१६

## <u>अनुसन्धान तथा प्रमाण</u>

**१०५. <u>अनुसन्धान अधिकृत</u>:** यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान सूचना प्रविधि सम्बन्धी ज्ञान भएको कम्तीमा प्रहरी निरिक्षकस्तरको अधिकारीले गर्नेछ।

**१०६. <u>विद्युतीय प्रमाणको ग्राह्यता:</u>** प्रचलित कानून बमोजिम कुनै पनि कसूर विरुद्धको कारबाहिको क्रममा विद्युतीय प्रणालीबाट सिर्जना भएको विद्युतीय वा अन्य कुनै स्वरुपमा रहेको कुनै सूचना वा तथ्याङ्क प्रमाणको रुपमा ग्राह्य हुनेछ ।

**१०७ .<u>खानतलासी तथा जफत:</u>** (१) अनुसन्धान अधिकृतले कुनै कसूर प्रमाणित गर्न प्रमाणमा लाग्न सक्ने कुनै विद्युतीय उपकरण वा सूचना वा अन्य त्यस्तै वस्तु रहेको स्थानमा प्रवेश गरी खानतलासी लिन, विद्युतीय उपकरण वा सूचना वा अन्य त्यस्तै वस्तु जफत गर्नु परेमा अदालतको अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खानतलासी तथा जफतका लागि अनुमति लिन अनुसन्धान अधिकृतले त्यस्तो खानतलासी तथा जफत गर्न आवश्यक रहेको पुष्टि गर्ने तत्काल प्राप्त प्रमाण वा विश्वसनीय आधार सहित अदालत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदनसाथ प्राप्त प्रमाण तथा आधारमा अदालत विश्वस्त भएमा उपदफा (१) बमोजिमको खानतलासी तथा जफतको लागि अनुसन्धान अधिकृतलाई अनुमति दिन सक्नेछ।

(४) अनुसन्धान अधिकृतले उपदफा (१) बमोजिम खानतलासी वा जफत गर्दा देहाय बमोजिमको कार्य यथाशिघ्र गर्नु पर्नेछः-

(क) जफत गरेको मिति र समय खुलाई कब्जामा लिएको वस्तुहरुको सूचि तयार गर्ने,

(ख) खण्ड (क) बमोजिमको सूचिको एक प्रति नक्कल उक्त वस्तुहरुको स्वामित्व रहेको व्यक्तिलाई दिने,

(ग) खानतलासी गरिएको स्थान नियन्त्रणमा राख्ने,

(घ) कब्जामा लिएको वस्तुहरुको संरक्षणको प्रत्याभूति गर्ने।

(५) अदालतबाट आदेश भई आएमा विद्युतीय उपकरण नियन्त्रण वा जिम्मामा रहेको व्यक्ति वा निजको अख्तियारवाला कुनै व्यक्तिलाई उक्त विद्युतीय उपकरणमा रहेको कुनै विद्युतीय प्रणालीमा रहेको सूचनामा पहुँच प्राप्त गर्न वा उक्त सूचनाको प्रतिलिपी दिनुपर्नेछ ।

(६) उपदफा (१) बमोजिम खानतलासी लिने अनुसन्धान अधिकृतलाई खानतलास गरिएको सूचना अर्को कुनै विद्युतीय प्रणालीमा रहेको वा त्यस्तो प्रणालीको कुनै अंश क्षेत्राधिकार भित्रै रहेको अर्को कुनै प्रणालीमा रहेको वा त्यस्तो सूचना प्रारम्भिक प्रणालीबाट कानून बमोजिम पहुँच राख्न सकिने अर्को प्रणालीमा रहेको विश्वास लागेमा निजले यथाशिघ्र त्यस्तो खानतलासी विस्तार गरी त्यस्तो प्रणालीमा पहुँच राख्न सक्नेछ ।

**१०८. <u>सहयोग गर्नु पर्नेः</u>** अनुसन्धान अधिकृतले खानतलासीको क्रममा कुनै विद्युतीय उपकरण वा सूचना उक्त मुद्दामा आरोपित नरहेको व्यक्तिको कब्जा वा नियन्त्रणमा रहेको पाएमा त्यस्तो व्यक्तिले अनुसन्धान अधिकृतलाई विद्युतीय उपकरण वा विद्युतीय तथ्याङ्कसम्मको पहुँच पु-याउन वा प्रयोग गर्न वा प्रतिलिपि उतार गर्न, ईन्क्रिप्ट गरिएको सूचनालाई डिक्रिप्ट गर्न अनुमति दिई अन्य आवश्यक सहयोग गर्नु पर्नेछ।

**१०९. <u>झिकाउने आदेशः</u>** (१) कुनै कसूरको अनुसन्धान वा अभियोजन प्रयोजनको लागि कुनै खास विद्युतीय प्रणाली, सूचना वा उपकरण आवश्यक रहेको कुरामा अदालत समक्ष पेश भएको प्रमाणको आधारमा अदालत विश्वस्त भएमा त्यस्तो विद्युतीय प्रणाली, सूचना वा उपकरण नियन्त्रणमा राखेको व्यक्तिलाई उक्त विद्युतीय प्रणाली, सूचना वा उपकरण पेश गर्न आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय प्रणाली, सूचना वा उपकरण अदालत समक्ष पेश गर्नु सम्बन्धित व्यक्तिको कर्तब्य हुनेछ।

**१११०. <u>द्रुत संरक्षण</u>:** (१) कुनै विद्युतीय उपकरणमा भण्डारण गरिएको सूचना कुनै फौजदारी कसूरको अनुसन्धानको लागि आवश्यक रहेको र त्यस्तो सूचना नष्ट हुन सक्ने वा पहुँचवाट हटाईन सक्ने सम्भावना रहेको कुरामा अनुसन्धान अधिकृत विश्वस्त भएमा त्यस्तो विद्युतीय उपकरण वा सूचना नियन्त्रणमा रहेको व्यक्तिलाई लिखित सूचना दिई बढीमा सात दिन सम्म उक्त सूचनामा उल्लेख भए बमोजिमको सूचना सुरक्षित रहने प्रत्याभूत गर्न आदेश दिन वा त्यस्तो विद्युतीय उपकरण र सूचना यथास्थितमा रहने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

**१११.<u>ट्राफिक तथ्याङ्कमा पहुँच पु-याउन सक्ने</u>:** (१) कुनै खास संचारसँग सम्बद्ध ट्राफिक तथ्याङ्क कुनै कसूरको अनुसन्धान प्रयोजनको लागि अदालतले तत्काल प्राप्त प्रमाणको आधारमा आवश्यक ठानेमा अनुसन्धान अधिकृतलाई खास संचार सम्बन्धी ट्राफिक तथ्याङ्कमा पहुँच राख्न अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धानको क्रममा प्राप्त प्रमाण तथा सूचनाको आधारमा कुनै विद्युतीय उपकरण वा विद्युतीय उपकरणको प्रणालीमा भण्डारण भएका खास सूचना पीडितको जीवन रक्षाको लागी आवश्यक रहेको देखिएमा कम्तीमा प्रहरी निरीक्षक दर्जाको प्रहरी अधिकृतले आफूभन्दा एक तह माथिको अधिकृतको स्वीकृतिमा त्यस्तो प्रणालीसँगको खास संचारसँग सम्बन्धित ट्राफिक तथ्याङ्कमा पहुँच राख्न सक्नेछ।

**११२. <u>ट्राफिक तथ्याङ्कको संकलन</u>:** (१) कुनै खास संचारसँग सम्बद्ध ट्राफिक तथ्याङ्क कुनै कसूरको अनुसन्धान प्रयोजनकोलागि तत्काल प्राप्त प्रमाणको आधारमा अदालतले आवश्यक ठानेमा उक्त ट्राफिक तथ्याङ्कमा नियन्त्रण रहेको व्यक्तिलाई लिखित सूचना दिई देहाय बमोजिमको आदेश गर्न सक्नेछः-

(क) तोकिएको अवधिमा खास सञ्चारसँग सम्बद्ध ट्राफिक तथ्याङ्कको सञ्चार हुँदाहुँदैको अवस्थामा रियल टाइम) संकलन वा अभिलेखन गर्न,

(ख) सम्बद्ध ट्राफिक तथ्याङ्कको सञ्चार हुँदाहुँदैको अवस्थामा संकलन वा अभिलेखन गर्न अनुसन्धान अधिकृतलाई अनुमति प्रदान गर्न वा सहयोग गर्न।

(२) कुनै खास संचारसँग सम्बद्ध ट्राफिक तथ्याङ्क कुनै कसूरको अनुसन्धान प्रयोजनको लागि तत्काल प्राप्त प्रमाणको आधारमा अदालतले आवश्यक ठानेमा अनुसन्धान अधिकृतलाई प्रविधिको प्रयोग गरी तोकिएको अवधिमा खास सञ्चारसँग सम्बद्ध ट्राफिक तथ्याङ्कको सञ्चार हुँदा हुँदैको अवस्थामा संकलन वा अभिलेखन गर्न अनुमति प्रदान गर्न सक्नेछ।

**११३. <u>विषयवस्तुको अन्तरदोहन (इन्टरसेप्सन)</u>:** (१) कुनै संचारको विषयवस्तु कुनै कसूरको अनुसन्धान प्रयोजनको लागि तत्काल प्राप्त प्रमाणको आधारमा अदालतले आवश्यक ठानेमा सेवा प्रदायकलाई प्रविधिको प्रयोग गरी विद्युतीय प्रणाली मार्फत प्रसार भएको खास सञ्चारको विषयवस्तु प्रसार हुँदाहुँदैको

अवस्थामा संकलन वा अभिलेख गर्न वा अख्तियार प्राप्त अधिकारीलाई सोका लागि अनुमति दिन र सहायता गर्न आदेश गर्न सक्नेछ।

(२) कुनै सञ्चारको विषयवस्तु कुनै कसूरको अनुसन्धान प्रयोजनको लागि तत्काल प्राप्त प्रमाणको आधारमा अदालतले आवश्यक ठानेमा संचारको विषयवस्तु प्रसार हुँदाहुँदैको अवस्थामा संकलन वा अभिलेख गर्न अनुसन्धान अधिकृतलाई अख्तियारी प्रदान गर्न सक्नेछ।

**११४. डिजिटल विधी विज्ञानको प्रयोग** (१) कुनै कसूरको अनुसन्धानमा यस परिच्छेदमा अन्यन्त्र उल्लेखित विधिले मात्र आवश्यक प्रमाण संकलन हुन सक्ने नदेखिएको अवस्थामा अनुसन्धान अधिकृतको विश्वसनीय आधार र अनुसन्धान गर्नु पर्ने देहाय बमोजिमको व्यहोरा सहितको निवेदनको आधारमा अदालतले डिजिटल विधि-विज्ञान उपकरण तथा प्रणालीको प्रयोग गरी प्रमाण संकलन गर्न अनुमति दिन सक्नेछ।

(क) कसूरमा संदिग्ध व्यक्ति र निजको सेवा प्रदायकको नाम र ठेगाना,

(ख) परीक्षण गर्नुपर्ने विद्युतीय प्रणालीको विवरण,

(ग) परीक्षणको उपायको विवरण, औजार उपयोगको मात्रा र अवधि,

(घ) परीक्षण गर्नु पर्नाका आवश्यकताहरु,

(ङ) परीक्षण गरिने विद्युतीय प्रणाली र सोमा रहेको सूचना तथा तथ्याङ्कको सुरक्षाको सुनिश्चितता हुने व्यहोरा।

(२) उपदफा (१) बमोजिमको अनुमति एक पटकमा बढीमा तिन महिनाको लागि हुनेछ ।

## परिच्छेद-१७

## सूचना प्रविधि अदालत सम्बन्धी व्यवस्था

**११५. सूचना प्रविधि अदालतको गठनः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिमका मुद्दाको शुरु कारबाही र किनारा गर्न दफा ११६ बमोजिमको योग्यता पुगेका व्यक्तिहरुमध्येबाट प्रत्येक प्रदेशमा सूचना प्रविधि अदालत गठन गर्नेछ ।

(२) अदालतमा एक जना कानुन सद्स्य, एक जना सूचना प्रविधि सदस्य र एक जना वाणिज्य सदस्य रहनेछन।

(३) कानून सदस्य अदालतको अध्यक्ष हुनेछ ।

(४) अदालतले आफ्नो अधिकारक्षेत्रको प्रयोग तोकिए बमोजिम गर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अदालत गठन नभएसम्मका लागि यस ऐन बमोजिमको मुद्दाको शुरु कारबाहि र किनारा गर्ने क्षेत्राधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

**११६. अदालतका सदस्यको योग्यताः** (१) जिल्ला अदालतको न्यायाधीश भइरहेको, भइसकेको वा हुन योग्यता पुगेको व्यक्ति अदालतको कानून सदस्य हुन योग्य हुनेछ ।

(२) कम्प्युटर विज्ञान वा सूचना प्रविधि सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर गरेको र विद्युतीय कारोबार, सूचना प्रविधि वा विद्युतीय सञ्चारको क्षेत्रमा कम्तीमा आठ वर्षको अनुभव प्राप्त नेपाली नागरिक अदालतको सूचना प्रविधि सदस्य हुन योग्य हुनेछ ।

(३) व्यवस्थापन वा वाणिज्यशास्त्रमा कम्तीमा स्नातकोत्तर गरेको र विद्युतीय कारोबारको क्षेत्रमा कम्तीमा आठ वर्षको अनुभव प्राप्त नेपाली नागरिक अदालतको वाणिज्य सदस्य हुन योग्य हुनेछ।

११७. **अदालतका सदस्यहरुको पदावधि, पारिश्रमिक र सेवाका शर्तः** (१) अदालतमा नियुक्त अध्यक्ष्य तथा सदस्यको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ ।

(२) अदालतका नियुक्त अध्यक्ष्य तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(३) अदालतका नियुक्त अध्यक्ष्य तथा प्रत्येक सदस्यले आफू नियुक्त भएपछि कार्यभार सम्हाल्नु अघि सम्बन्धित उच्च अदालतको मूख्य न्यायाधीश समक्ष आफ्नो पद तथा गोपनीयताको शपथ तोकिए बमोजिमको ढाँचामा लिनु पर्नेछ ।

११८. **पद रिक्त हुने अवस्था र रिक्त पदको पूर्तिः** (१) अदालतको नियुक्त अध्यक्ष्य तथा सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछ :-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निज त्रिसठ्ठी वर्ष उमेर पूरा भएमा,

(ग) निजले राजीनामा दिएमा,

(घ) निज नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा, वा

(ङ) निजले आफ्नो पद अनुसारको आचरण नगरेको वा कर्तव्य पालना गर्न असक्षम भएको आरोपमा नेपाल सरकारले छानबिन गर्दा खराब आचरण गरेको वा आफ्नो कर्तव्य पालना गर्न असक्षम भएको प्रमाणित भएमा ।

तर यस खण्ड बमोजिमको आरोप लगाइएको अदालतको सदस्यलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(च) निजको मृत्यु भएमा,

(२) उपदफा (१) को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको कानून सदस्य बहालवाला न्यायाधीश भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिमको प्रयोजनका लागि छानबिन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम अदालतको कुनै सदस्यको पद रिक्त हुन आएमा नेपाल सरकारले दफा ११६ बमोजिम योग्यता पुगेका व्यक्तिहरुमध्येबाट रिक्त पदको पूर्ति गर्नेछ ।

११९. **अदालतका कर्मचारीः** (१) अदालतलाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(२) अदालतको कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१८

## राष्ट्रिय सूचना प्रविधि केन्द्र सम्बन्धी व्यवस्था

१२०.**राष्ट्रिय सूचना प्रविधि केन्द्रः** सरकारी डाटा केन्द्र, सरकारी नेटवर्क, ईमेल प्रणाली तथा विद्युतीय भुक्तानी प्रणालीको सञ्चालन गर्न एक राष्ट्रिय सूचना प्रविधि केन्द्र रहनेछ।

१२१. **केन्द्रको सञ्चालक समितिको व्यवस्थाः** (१) केन्द्रको नीति निर्माण, समन्वय र निर्देशन गर्न एक सञ्चालक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्ः-

(क) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - अध्यक्ष

(ख) सह-सचिव प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सह-सचि, अर्थ मन्त्रालय - सदस्य

(घ) सह-सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

(ङ) सूचना प्रविधिसँग सम्बन्धित संघ, संस्था वा सूचना प्रविधि सम्बन्धी विशेषज्ञमध्येबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारबाट मनोनीत एक जना महिला सहित दुई जना - सदस्य

(च) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१२२. **केन्द्रको काम, कर्तब्य र अधिकारः** राष्ट्रिय सूचना प्रविधि केन्द्रको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सूचना प्रविधिको विकासको लागि राष्ट्रियस्तरमा सबै किसिमका तथ्यांक संकलन गरी डाटा डिपोजिटरीको समेत काम गर्न सूचना बैंकको रुपमा कार्य गर्ने,

(ख) सरकारी डाटा केन्द्रको संचालन तथा व्यवस्थापन गर्ने,

(ग) सरकारी नेटवर्कको बिस्तार, संचालन तथा व्यवस्थापन गर्ने,

(घ) सरकारी ईमेल प्रणालीको सञ्चालन गर्ने,

(ङ) राष्ट्रिय विद्युतीय भुक्तानी प्रणालीको संचालन गर्ने, गराउने,

(च) सूचना प्रविधि सम्बन्धी नीति तथा योजनाको कार्यान्वयन गर्न गराउन सघाउ पुऱ्याउने,

(छ) सूचना प्रविधि पूर्वाधार, प्रणाली तथा विद्युतीय सेवाहरुको सुरक्षामा सघाउ पुऱ्याउने,

(ज) सूचना प्रविधिको विकास गर्नका लागि नेपाल सरकारले तोकेका अन्य कार्यहरु गर्ने।

१२३. **<u>केन्द्रको कार्यकारी निर्देशकः</u>** (१) नेपाल सरकारले सूचना प्रविधिका क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्येबाट मन्त्रालयको सिफारिसमा कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(२) केन्द्रको कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(३) उपदफा( २) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले निजको कार्यक्षमताको अभाव भएमा, खराब आचरण भएमा वा निजले संतोषजनक कार्यसम्पादन नगरेमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकावाट बंचित गरिनेछैन

(४) केन्द्रको कार्यकारी निर्देशकको नियुक्ति, योग्यता, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

(५) केन्द्रको कार्यकारी निर्देशकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको संचालक समितिबाट स्विकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,
(ख) केन्द्रको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी संचालक समिति समक्ष पेश गर्ने,
(ग) केन्द्रले संचालन गरेका योजना तथा कार्यक्रमको नियमित प्रतिवेदन तयार गरी संचालक समिति समक्ष पेश गर्ने,
(घ) संचालक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,
(ङ) केन्द्रका कर्मचारीको सुपरिवेक्षण तथा नियन्त्रण गर्ने,
(च) केन्द्रको दैनिक प्रशासकीय काम कारबाही सञ्चालन गर्ने
(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१२४. **<u>केन्द्रको कोषः</u>** (१) केन्द्रको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त रकम,
(ख) विदेशी सरकार, संघ संस्था वा व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त हुने सहयोग, अनुदान वा ऋण रकम,
(ग) केन्द्रले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम विदेशी सरकार, संघसंस्था वा व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्नेछ।

(४) केन्द्रको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

१२५. **केन्द्रको कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) केन्द्रमा आवश्यकता अनुसार प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु रहनेछन।

(२) उपदफा (१) बमोजिमको कर्मचारीको सेवा शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

१२६. **केन्द्रको लेखा र लेखा परीक्षणः** (१) केन्द्रको कोषको आय व्ययको लेखा नेपाल सरकारको प्रचलित लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) केन्द्रको कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

## परिच्छेद-१९

## विविध

**१२७. नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**१२८. निर्देशिका बनाई लागू गर्ने** : यस ऐनको उद्देश्य पूर्ति गर्नको लागि मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरुको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**१२९. बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले सो बाधा अड्काउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ ।

**१३०. मुद्दा हेर्न बाधा नपर्ने** : यो ऐन प्रारम्भ हुनु अघि विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमका मुद्दा हेर्न नेपाल सरकारले तोकेको जिल्ला अदालतमा विचाराधीन रहेका मुद्दा सोही जिल्ला अदालतले हेर्न यस ऐनले बाधा पुर्याएको मानिने छैन।

**१३१. खारेजी र बचाऊ** : (१) विद्युतीय कारोबार ऐन, २०६३ र राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८ खारेज गरिएको छ ।

(२) विद्युतीय कारोबार ऐन, २०६३ र राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८ अनुसार भए-गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८ बमोजिम नियुक्त भएका कार्यकारी निर्देशक र कर्मचारीहरु यसै ऐन बमोजिम नियुक्त भएका मानिनेछन्।